

टुक्का
दुई हरफका कविता
ताराप्रसाद चापागाईं

# टुक्का

(दुई हरफका कवितासङ्ग्रह)

ताराप्रसाद चापागाईं

प्रकाशक : टुक्का साहित्य समाज
काठमाडौँ (नेपाल)
प्रथम संस्करण : २०७८ साल
मुद्रक : ऋचा अफसेट प्रेस
मोल : दुई सय रुपियाँ
© सुरक्षित, २०७८ साल (2022)
ISBN : 978-9937-1-1248-2

TUKKA
(Poems by Tara Prasad Chapagain)

यस धर्तीमा पाइला टेकाई शिक्षादीक्षासहित सबल बनाउनुहुने
मेरा ईश्वरहरू पिता स्वर्गीय हिमप्रसाद चापागाईं तथा
माता भगवती चापागाईंप्रति यो पुस्तक
समर्पण गर्दछु ।

# प्रकाशकीय

नेपाली साहित्यको काव्यक्षेत्रमा नवविधाका रूपमा टुक्का कविताको आविष्कार भएको छ । टुक्का कविताको विकास र संवर्द्धनका लागि टुक्का साहित्य समाजको स्थापना आफैँमा महत्त्वपूर्ण कार्य भएको छ । वर्तमान समयमा मानिससँग सबै कुरा भएर पनि समय छैन । समय नभए पनि मानिससँग छताछुल्ल संवेदना भने हुन्छ नै । यिनै संवेदनाका छालहरूलाई छोटकरी काव्यिक बान्कीमा प्रस्तुत गरिने शैली नै टुक्का कविता हो । बेफुर्सदिलो कविले समेत हतारमै भए पनि आफूभित्रको भावनाको संवेग अभिव्यक्त गरेर विरेचित हुने प्रक्रियाले गर्दा नै हुनुपर्छ आविष्कारको छोटै समयमा टुक्का कविताले लोकप्रियताको शिखर आरोहण गर्दै छ । टुक्का कविताको आविष्कारकका रूपमा ताराप्रसाद चापागाईं रहेका छन् । ताराप्रसाद चापागाईंकै टुक्का कविताको सङ्ग्रह यस विधाको प्रथम कृतिका रूपमा प्रकाशित हुनु अर्को विशिष्ट कार्य भएको छ । टुक्का साहित्य समाजद्वारा प्रथम प्रकाशनका रूपमा चापागाईंको 'टुक्का' (दुई हरफका कवितासङ्ग्रह) नामक सङ्ग्रह प्रकाशित गरिनु समाजका लागि उल्लेखनीय प्राप्ति भएको छ । टुक्का साहित्य समाज लेखकलाई बधाई र शुभेच्छा अर्पण गर्दछ ।

**● टुक्का साहित्य समाज**

# शुभकामना

टुक्का स्वयम्मा स्वतन्त्र भावना हो । यसैलाई आधार लिएर कविताका लागि नौलो अभ्यासको थालनी भएको छ । यसलाई प्रयोग गर्ने र काव्यकै एक फरक लय र शैली बनाउने चेष्टामा ताराप्रसाद चापागाईंले गहकिला पाइला चालेका छन् । यस प्रयासले नेपाली कविताको धार, स्वर, शैली र उचाइ अझै उन्नत र समृद्ध हुने आशा देख्छु म । टुक्का शैलीमा लेखिएका यी कविताको आकार सानो, छोटो, छरितो र फुर्तिलो भए पनि यिनको अन्तर्भाव उस्तै खँदिलो र कसिलो हुने कुरामा म विश्वस्त छु । कविता आफैंमा एउटा अपार, अथाह र अगम संसार हो । यसलाई नयाँ आँखा, नयाँ पारा र नयाँ विवेचनाले हेरिनु पर्ने मननीय कुरा हो । थालनीमा हरेक नौलो पाइला कठिन जस्तो भए पनि क्रमशः त्यो सर्वस्वीकृत हुँदै जान्छ । ताराप्रसादको यो काव्यिक कलाको प्रशंसा गर्दै प्रगति र निरन्तरताको निम्ति हार्दिक शुभेच्छा; पुनः बधाई !

७ मङ्सिर, २०७८, काठमाडौं ।

**● युवराज नयाँघरे**

# शुभकामना

**टुक्काङ्गलाई मनको वचन**

साहित्यले समाजको अवस्था बोल्छ, विगतको अवस्था बोल्छ, वर्तमानको अवस्था बोल्छ र भविष्यको परिकल्पना गर्छ । साहित्यको स्फुरण मानिसका विचारबाट हुन्छ । मानिस समाजको अवस्था र व्यवस्थाअनुसार चलेको हुन्छ । समयअनुसार समाजको आवश्यकता परिवर्तित हुन्छ र त्यसैअनुसारका सबै काम हुन्छन् । साहित्यको सिर्जना पनि त्यस्तै हो । आज मानिसको जीवनचर्या व्यस्त भएर चलेको छ । आजको लेखन पनि छोटो र छरितो बन्दै आएको छ । जनजीविकाले साहित्यलाई प्रभावित गरेकै हुन्छ ।

देशमा बसेर काम नचलेपछि विदेश पुग्नुपर्‍यो । भाषा, धर्म, संस्कृति, साहित्यको स्नेह मानिसले साथमा लगेकै हुन्छ । त्यसरी प्रवासको जीवन निर्वाह गर्ने साहित्यप्रेमी व्यक्तित्व ताराप्रसाद चापागाईंबाट सृजित केही रचनाहरू हेर्ने अवसर पाइयो । कवित्व भएको र शैलीमा कविता जसरी नै सृजित यी छोटा रचनाको नामाकरण टुक्का भन्ने रहेको छ । प्रभावकारी रूपमा भावको सम्प्रेषण हुने घतलाग्दा विचार र पाठकलाई पढिसक्न समय पनि धेरै नलाग्ने हुनाले यिनको समसामयिक महत्त्व रहेकै छ ।

टुक्का सिर्जना गर्न आवश्यक पर्ने नियम र विधिहरू पनि उनले निश्चित गरिसकेकै छन् । सिर्जनाले समाजमा लोकप्रियता पनि पाएकै

छ । धेरै वस्तु समेटेर लामो लेखन गर्न नभ्याउने वा नसक्ने स्रष्टालाई पनि यी रचनाले अभ्यासका लागि बाटो खोलेका छन् । छोटो भनाइमा आफ्नो विचार अगाडि ल्याएका छन् । लेखनको क्रम अघि बढोस् । यस कृतिले अझ लोकप्रियता पाओस् र कृतिकारको सक्रियता पनि अझ बलियो बन्दै जाओस् । टुक्का नै टुक्काको शृङ्खलाले ठूला रचनाहरू पनि सिर्जना गर्न सकियोस् र साहित्यलाई उचाइमा पुग्न सहयोग पुगोस् भनी छोटो कथनमा यस 'टुक्का' नामको कृतिलाई हृदयतः सफलताको शुभकामना पठाएको छु ।

२०७८ असोज २६ गते

● **आचार्य तिलकप्रसाद लुइँटेल**

## साहित्यिक उपहार (शुभकामना)

'साहित्यलाई दिएर यो नयाँ शृङ्गार,
दिनु भो समाजलाई टुक्का उपहार ।'

उत्कृष्ट लेखनका धनी, टुक्का विधाका सृजनकार आदरणीय ताराप्रसाद चापागाईंलाई यस पुस्तकको सफलताका निम्ति हार्दिक बधाई एवम् शुभकामना दिन चाहन्छु ।

यस पुस्तकले साहित्यजगत्मा एउटा छुट्टै नयाँ इतिहास बनाएको छ जस्तो मलाई लाग्छ ।

विभिन्न विधाहरूमा काव्य, कथा, छन्द, नाटक, लेख, संस्मरण, गीत, गज़ल आदिका पुस्तकहरू त प्रशस्त नै आए बज़ारमा तर 'टुक्का विधा' जो दुई लाइनमै सम्पूर्ण भाव व्यक्त हुने, भन्न र बुझ्न सजिलो हुने यो विधामा सायद यही पुस्तक नै पहिलो पुस्तक बनेको छ ।

यो पुस्तकभित्र केही छन्दमा तथा पाँचदेखि २७ अक्षरसम्मका अत्यन्त रोचक, ज्ञानवर्धक र उच्च सामाजिक सन्देशमूलक टुक्काहरूले सजिएका पाँच सय टुक्काहरू रहेका छन् जसले सानादेखि ठूलासम्मका सबैको मन जित्न सफल हुनेछ भन्ने विश्वास लागेको छ ।

ताराप्रसाद चापागाईं न केवल टुक्काकार मात्र हुन्; उनी लघु कथा, कविता, गीत, गजल, मुक्तक, हाइकुलगायत साहित्यका

विविध विधामा उनी उच्चस्तरीयका लेखक हुन् । उनले यो नयाँ विधाको सिर्जना गरेर साहित्यमा भर्खर पलाउन लागेका कविदेखि वरिष्ठ कविहरूलाई सम्म लेखनका निम्ति एउटा नयाँ उत्साह प्रदान गरेका छन् ।

लेख्ने र पढ्ने दुवैलाई अत्यन्त आनन्द आउने यस विधा सिर्जना गरेसाथै यसै विधामा पुस्तकसम्म निकालेर उनले साहित्यमा एउटा नयाँ कीर्ति राख्न सफल भएकोमा म उनलाई आन्तरिक हृदयदेखि नै बधाई दिन चाहन्छु, उनको कलमले दिनदिनै यसरी नै सफलता प्राप्त गरिरहोस् भन्ने शुभकामनाको साथमा सम्पूर्ण पाठकहरूलाई पनि यो पुस्तक पढ्न पाएकोमा बधाई दिन चाहन्छु ।

७ अक्टोबर २०२१


**● पदमा शर्मा आँचल**

शिक्षिका एवम् लेखिका

राष्ट्रिय सचिव– काव्य मञ्जरी साहित्यिक मञ्च, गाजियाबाद दिल्ली ।

बङ्गाल प्रभारी– टु मिडिया महिला काव्य मञ्च दिल्ली ।

उपाध्यक्ष– सृजनशील समूह कालचिनी डुवर्स ।

मूल सचिव– श्रीकृष्ण प्रणामी मन्दिर कालचिनी ।

ठेगाना– कालचिनी, अलिपुरद्वार, पश्चिम बङ्गाल ।

## शुभकामना

साहित्यकार ताराप्रसाद चापागाईंले लेखेको 'टुक्का' दुई हरफका कवितासङ्ग्रह प्रकाशित हुन लाग्दा मलाई ज्यादै खुसी लागेको छ । यसभित्र टुक्काको परिचय पनि राखिएको छ साथै टुक्का कविताको विकासक्रम पनि राखिएको छ । २०७७ साउन २५ गतेका दिन कवि ताराप्रसाद चापागाईंले गीत लेख्दै गर्दा एउटा नयाँ सोच जन्मिन पुग्यो– नयाँ प्रयोगमा दुई हरफको छोटो कविता लेख्ने बारेमा । टुक्का कविता दुई लाइनमा अक्षरसङ्ख्या बराबर हुने गरी लेखिने कविता हो । एउटा हरफमा कम्तीमा पाँच अक्षरदेखि २७ अक्षरसम्मको लेख्न सकिन्छ । यस सङ्ग्रहभित्र २८ वटा छन्द र ४७२ वटा स्वच्छन्द गरेर जम्मा पाँच सय टुक्काहरू समावेश भएको यो सङ्ग्रह एक पटक सबै पाठकहरूले पढिदिनुहुन हार्दिक अनुरोध गर्दछु साथै यो सङ्ग्रहको उत्तरोत्तर प्रगतिको कामना पनि गरेको छु ।

२०७८ असोज २४

**● अरुण खत्री 'नदी'**
सामाखुसी मार्ग, सरकारी धारा, काठमाडौँ

# लेखकको भनाइ

नेपाली काव्यसाहित्यमा विगत केही समयदेखि समयसापेक्ष रूपमा तुक (अन्त्यानुप्रास) मिलाएर अक्षरसङ्ख्या बराबर गरेर पूर्ण अर्थ दिने गरी दुई हरफका प्रयोगात्मक चोटिला कविताहरू लेखनकार्य भइरहेको छ । यसलाई धेरै साहित्यकार तथा पाठकहरूले समेत रुचाएका छन् ।

साहित्यमा प्रयोगवादको मुख्य उद्देश्य स्थापित परम्परा तथा यथास्थितिवादी मनोभावदेखि माथि उठेर पुरानो धरोहरको संरक्षण गर्दै नवीनताको खोजी गरी निषिद्ध क्षेत्रहरूलाई उघारो पार्दै नयाँ खोज अनुसन्धान गरी आविष्कार गरेर प्रयोग गर्नु हो ।

नवीन प्रयोगको रूपमा प्रवर्तन गर्नुअघि कुनै पनि विधा, उपविधाहरूमा आवश्यक खोज र अनुसन्धान हुनु जरुरी हुन्छ । खोज, अनुसन्धान र आधारबिना प्रवर्तन गर्नु भनेको प्रयोगवाद र आधुनिकताको दुरुपयोग मात्र हुन आउँछ ।

यो पुस्तक नेपाली साहित्यमा नवीनतम उपविधाको रूपमा नेपालमा जन्मिएको प्रयोगात्मक दुई लाइने टुक्का कविताको बारेमा जानकारी गराउने प्रयास गरिएको पहिलो पुस्तक हो । यस पुस्तकभित्र २८ छन्द र ४७२ स्वच्छन्द टुक्काहरू छन् । यो पुस्तक

पढिसकेपछि पाठकहरूले नेपाली साहित्य आकाशमा नवचौतारीको रूपमा प्रयोगमा रहेको टुक्का कविताको बारेमा महत्त्वपूर्ण जानकारी हासिल गर्नु हुनेछ ।

टुक्का कविताको प्रारम्भिक चरणमा विभिन्न सल्लाह, सुझाव, खोज, अनुसन्धान र प्रयोगमा साथ दिनुहुने ईश्वरी अधिकारीलगायत सम्पूर्ण अग्रज तथा सहयात्री साहित्यकारहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रयोगात्मक नव साहित्यिक विधा टुक्का कवितालेखन २०७७ साउन २५ गतेबाट प्रारम्भ भए तापनि करिब छ महिनाको खोज, अनुसन्धान र अध्ययनहरूपश्चात् २०७७ पुस १७ गतेबाट औपचारिक रूपमा सार्वजनिक गरिएको थियो ।

टुक्कालाई संस्थागत गर्ने क्रममा मेरो (ताराप्रसाद चापागाईं) अध्यक्षतामा मिति २०७७ फागुन २८ गते टुक्का साहित्य समाजको स्थापना भई मिति २०७८ साउन ४ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा संस्थाको आधिकारिक दर्ता भएको थियो । उक्त संस्थाले विभिन्न समयमा टुक्कालेखनसम्बन्धी प्रशिक्षण कार्यक्रम, टुक्कालेखन प्रतियोगिता, विशेष अवसरहरूमा सामूहिक टुक्कालेखन अभ्यास शृङ्खला, अनलाइनमा लाइभ टुक्का वाचन कार्यक्रम, अभ्यासहरूमा दैनिक टुक्कालेखन तथा छन्दसम्बन्धी अभ्यास तथा सामाजिक कार्यअन्तर्गत टुक्का वाचन तथा बृहत् रक्तदान कार्यक्रमसमेत सञ्चालन गरेर टुक्काको उन्नयनमा विशेष भूमिका खेलिरहेको छ ।

संस्थाका संस्थापक पदाधिकारी सदस्यहरूमा विभिन्न कार्यक्रमहरू सञ्चालन तथा टुक्काहरू सम्पादनमा विशेष भूमिका निभाउने संस्थापक सचिव विमुन्स पौडेल, सल्लाहकारहरू शर्मिला श्रेष्ठ, अरुण खत्री 'नदी' (टुक्का कविताको नामाकरण), उपाध्यक्ष उषा केसी, महासचिव श्रीकृष्ण शर्मा, कोषाध्यक्ष रचना शर्मा

‘प्रतीक्षा’, सदस्यसचिव जगत थापा, सदस्यहरू नानीबाबा अधिकारी, नरेशलाल अमात्य, राधिका चापागाईं, लव खड्का, रूपा रिसाल र रूपा पौडेलप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । संस्थाभन्दा बाहिर रहेर पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा टुक्काको उन्नयनमा महत्त्वपूर्ण भूमिका निभाउने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

समयसमयमा टुक्कालेखनमा ऊर्जा थप्दै भाषिक शुद्धता हेरेर महत्त्वपूर्ण सहयोग पुऱ्याउने धनु शर्माप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस पुस्तकमा प्रकाशित टुक्काहरू केही अनलाइन तथा छापा पत्रिकाहरूमा समेत प्रकाशित भइसकेका छन । पत्रिकामा टुक्काहरूलाई विशेष स्थान दिएर टुक्कालेखनमा हौसला बढाउने पत्रिकामा मनास्लु डट कम, तीतो पाटी डट कम, कल्पतरू द्वैमासिक, गामबेँसी अनलाइन, साहित्य पोस्ट, हिमालयन दृष्टि अनलाइन, प्रभातफेरी साप्ताहिक, संसार न्युज, नवसिर्जना त्रैमासिक, नवसञ्चार अनलाइन, गोरखा एक्सप्रेस, नवसङ्केत अनलाइन, नेपालनाम्चा अनलाइनलगायत सम्पूर्ण पत्रिकाहरू तथा सम्बन्धित व्यक्तित्वहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

यो पुस्तक प्रकाशन गर्नका लागि विशेष प्रेरणा दिनुहुने नरेन्द्रराज प्रसाईं तथा इन्दिरा प्रसाईंप्रति सदा ऋणी छु ।

**● ताराप्रसाद चापागाईं**

# विषयसूची

१. टुक्का कविताको परिचय • १९

(क) टुक्का कविताको विकासक्रम • १९

(ख) टुक्काको अर्थ • २१

(ग) टुक्का कविता भनेको के हो ? • २२

घ) टुक्का कविताको संरचनात्मक स्वरूप/आधारभूत सिद्धान्तहरू • २२

२. टुक्का कविताहरू • २७

(क) छन्द टुक्काहरू • २७

(ख) स्वच्छन्द टुक्काहरू (५ अक्षरदेखि २७ अक्षरसम्म लेखिएका स्वच्छन्द टुक्का कविताहरू) • ३१

# १. टुक्का कविताको परिचय

मानवसमाज र सभ्यताको आरम्भसँगै कविता विधाको जन्म र विकास हुँदै आएको हो । प्राचीन कालमा साहित्य भन्नेबित्तिकै काव्यलाई जनाए तापनि आधुनिक साहित्यमा काव्यले गद्यात्मक वा पद्यात्मक कृतिलाई मात्र जनाउँछ ।

साहित्यमा कविता एक सशक्त विधा हो । 'कवि' आधार पदमा 'ता' प्रत्यय लागेर कविता शब्दको निर्माण भएको हो । कविता शब्दले कविद्वारा रचित वा कविको कर्म भन्ने अर्थ बुझाउँछ । विश्लेषकहरूका अनुसार लोकजीवनसँग सम्बन्धित लोकगीत कविताको पूर्वरूप हो ।

आजको समयमा कविता विधालाई हेर्ने दृष्टिकोणमा धेरै विकास भइसकेको पाइन्छ । कवितामा कला र भाव मुख्य दुई पक्ष रहने गर्दछन् । कला कविताको बाह्य संरचनासँग सम्बन्धित हुन्छ भने भाव आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ । यी दुई पक्षको संयोजनबाट नै एउटा कविता तयार हुन्छ । हाल साहित्यमा समयसापेक्ष रूपमा कवितामा लघु कविता र लघुत्तम कविताहरूको प्रयोग तुलनात्मक रूपमा बढ्दै गएको पाइन्छ । नेपाली साहित्यमा कविताको नव लघुत्तम उपविधाका रूपमा विकास भइरहेको टुक्का कविताको बारेमा केही चर्चा गर्नु यस लेखको मूल अभिप्राय हो ।

**(क) टुक्का कविताको विकासक्रम**

२०७७ साउन २५ गते पङ्क्तिकार (ताराप्रसाद चापागाईं) ले

गीत लेख्दै गर्दा एउटा नयाँ सोच जन्मियो । गीतमा तुक मिलाएझैँ तुक मिलाएर समयानुकूल नयाँ प्रयोगमा छोटो कविता लख्ने; नेपाली लोकोक्ति, सिलोक, लोकगीतहरू, असारे भाका तथा काँठे भाकाहरूमा तुकान्त मिलाएर दुई लाइनमा चोटिलो भावहरू व्यक्त गरिने गरिएकोमा त्यसैलाई आधार मानेर प्रयोगवादी धारणाले समयानुकूल नेपाली साहित्यमा लघुत्तम विधाको खोज गरी नेपाली साहित्यमा नयाँ चौतारी थप्ने योजना बन्यो र तुक (अन्त्यानुप्रास) मिलाएर दुई हरफका केही छोटा कविता लेखियो । त्यसपछि साहित्यको अन्य विधाहरूसँग नबाझियोस् भन्ने हेतुले दुई हरफमा तुक मिलाएर लेखिने अन्य साहित्यिक विधाहरू केही छन् कि भन्ने विषयमा विभिन्न कृति, ग्रन्थहरू र इन्टरनेटको माध्यमबाट खोज सुरु गरियो । निश्चित कुराहरू बाझिने अन्य कुनै विधाहरू भेटिएन । त्यसपछि लोकोक्तिहरू तथा गीतहरूको बारेमा खोज, अध्ययन गर्दा तिनीहरूको मर्ममा कुनै असर नपर्ने गरी निश्चित नियममा बाँधिएर हामीले नवीन प्रयोगको सुरुवात गर्दा कुनै असर नपर्ने निष्कर्ष निस्कियो ।

सामाजिक सञ्जालको फेसबुकका भित्ताहरूमा दुई लाइनका कविताहरू पोस्ट गरेर हेर्दा यसलाई मन पराउनेहरूको सङ्ख्या अपेक्षा गरिएभन्दा द्रुततर गतिमा बढ्दै गयो, यसले एक ऊर्जा र हौसलाको काम गऱ्यो । त्यसपछि केही साहित्यकारहरूसँग नयाँ प्रयोगको बारेमा फेसबुक मेसेन्जरमार्फत छलफलहरू भए । सबैबाट सकारात्मक प्रतिक्रियाहरू बटुल्न सफल भइयो । आएका सुझावहरूलाई मध्यनजर गर्दै लेख्नका लागि केही नियमहरू तयार गरेर लेखनकार्य जारी नै रह्यो ।

सबै कुरा तयार भइसक्दा पनि त्यस उपविधाको नाम के दिने भन्ने अन्यौलता थियो । नामाकरणको बारेमा आपसी छलफल चलिरहेको थियो । विभिन्न अग्रज साहित्यकारहरूबाट फरकफरक नामहरूको बारेमा सोच आइरहेको थियो । सोही क्रममा नेपाली

साहित्यका समीक्षक अरुण खत्री 'नदी'ले हामीले सङ्कलन गरेका सम्भावित नामभन्दा फरक नाम 'टुक्का' भनेर राख्न उचित हुने प्रस्ताव पेस गरे । हाम्रो परम्परागत रूपमा चलिआएको टुक्का वा उखान टुक्काको मर्मलाई असर पर्छ कि भनेर टुक्का शब्दमा केन्द्रित भएर केही साहित्यकारहरूसँग छलफलहरू भयो । विभिन्न पुस्तकहरू, इन्टरनेटमार्फत तथा बृहत् नेपाली शब्दकोषको अध्ययन गरियो, टुक्का शब्दको अर्थ सङ्कुचित नभएर बृहत् रहेको पाइयो ।

तत्पश्चात् प्राचीनमा चलिआएको टुक्का शब्दको अर्थलाई चोट नपुग्ने गरी लामो समयको अध्ययन, छलफल तथा अन्तर्क्रियापश्चात् नेपाली भाषासाहित्यमा अनवरत खट्ने विद्वान्हरूका रायलाई मनन गर्दै प्राचीन टुक्काको अर्थलाई मर्यादा गर्ने गरी तथा उखान टुक्काको मर्म र अर्थलाई जीवन्त राख्ने गरी करिब छ महिनासम्मको खोज, अध्ययन र परिमार्जनबाट नयाँ अवधारणाको विकास गरी दुई लाइनमा समान अक्षर भई पूर्ण अर्थ दिने तथा तुकान्त (अन्त्यानुप्रास) लाई मुख्य आधार मानेर निश्चित नियमहरू तयार गरेर २०७७ पुस १७ गते अर्थात् नेपाली टोपी दिवसको दिनदेखि टुक्का कवितालेखन औपचारिक रूपमा सुरु गरिएको थियो ।

### (ख) टुक्काको अर्थ

टुक्का शब्दको विविध अर्थ हेर्ने हो भने बृहत् नेपाली शब्दकोषका अनुसार तुक शब्दको अर्थले शास्त्रीय पद्य रचनाका प्रत्येक पाउका अन्त्यमा पद वा अक्षरको समान आवृत्ति वा एकता, अन्त्यानुप्रासको एक रूप, तर्क वा बुद्धिसहितको सहमति वा सङ्गति, तुक्का भन्ने बुझाउँछ भने तुक्का शब्दले तुकबन्दीयुक्त पदावलीलाई बुझाउँछ । त्यस्तै टुक्का शब्दले अन्त्यानुप्रास मिलेका कविता वा गीतको सानो अंशलाई बुझाउँछ । साथै अभिव्यञ्जनापूर्ण टुक्रे वाक्य वा वाक्यपद्धतिलाई बुझाउँछ । कोशीय अर्थमा मात्र नभई यहाँ प्रयुक्त टुक्का कविता कुनै

गीत वा कविताको अंश होइन । यो त दुई पङ्क्ति भएर नि आफैँमा पूर्ण तुकबन्दीयुक्त अनुभूतिको एक ऋट्का कविताको लघुत्तम रूप हो ।

विधागत प्रवर्तनका हिसाबले हेर्दा टुक्का कविता विशुद्ध नेपाली माटोमा मौलिक शैलीमा हुर्किँदै गरेको नेपाली कविताको एउटा सुन्दर रूप हो । लघुत्तम संरचनामा आउने टुक्का कविताले भावको एक झिल्कोदेखि सिङ्गो सङ्कथनलाई बहन गर्ने उच्च क्षमता राखेको हुन्छ । शब्दान्तरमा भन्ने हो भने छोटो भए पनि आफैँमा पूर्णात्माको धाराणासहित आविर्भाव भएको टुक्का र कविकल्पनाको उच्चतम रूप हो ।

सुरुवाती समयमा सामाजिक सञ्जाल फेसबुकबाट औपचारिक रूपमा प्रकाशन भएको टुक्का कविता विभिन्न व्यक्ति तथा संस्थाहरूको साथ र सहयोगमा बिस्तारै अगाडि बढिरहेको छ । हाल विभिन्न छापा पत्रिका तथा अनलाइन पत्रिकाहरूमा समेत निरन्तर प्रकाशित हुँदै आएको छ ।

**(ग) टुक्का कविता भनेको के हो ?**

टुक्का कविता दुई लाइनमा अक्षरसङ्ख्या बराबर गरेर तुक (अन्त्यानुप्रास) मिलाएर दुई हरफमा पूर्ण हुने गरी लेखिने नेपाली मौलिक प्रयोगवादी लघुत्तम कविता हो ।

**(घ) टुक्का कविताको संरचनात्मक स्वरूप/आधारभूत सिद्धान्तहरू :**

(१) टुक्का कविता नेपाली माटोमा हुर्किएको सरल एवम् मौलिक कविता विधा हो ।

(२) टुक्का कविताको संरचना

(क) बाहिरी संरचनाअन्तर्गत टुक्कामा जम्मा दुई हरफ हुन्छन् । यसका दुई हरफमध्ये पहिलोलाई आद्य पङ्क्ति र दोस्रोलाई

अन्त्य पङ्क्ति वा अन्त्य हरफ भनिन्छ । दुवै हरफमा अक्षरसङ्ख्या समान हुनुपर्छ । अक्षरसङ्ख्याको हकमा एक हरफमा कम्तीमा पाँच अक्षरदेखि बढीमा २७ अक्षरसम्म (जसले परिपूर्णता देओस्) राख्न सकिन्छ । टुक्काको दुवै हरफको अन्तमा तुक (अन्त्यानुप्रास) मिलेको हुनुपर्छ । शब्दानुप्रास तथा एकाक्षरी तुकान्त मान्य हुने छैन साथै अतुकान्त हरफहरूलाई यसको दोष मानिएको छ ।

(ख) टुक्काको भित्री संरचनाअन्तर्गत टुक्का आफैँमा अर्थपूर्ण हुनुपर्छ । कविताका गहना अलङ्कार, छन्द, बिम्ब, प्रतीक, शब्दशक्तिका साथै विविध प्रयोगपूर्ण कलात्मक सिर्जना हुनुपर्छ ।

(३) टुक्का कवितालाई मुख्य स्वच्छन्द टुक्का र छन्द टुक्का गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

(४) शब्दको पूर्णताभन्दा पनि भावको सघनता, तीव्रता र प्रभावकारी एवम् कलात्मक रचना हुनुपर्छ । दुवै हरफमा परस्पर सम्बन्ध प्रगाढ हुनुपर्छ ।

(५) पहिलो हरफमा विषयको उठान, विस्तार र दोस्रो हरफमा समर्थनसँगै समापन गरेको हुनुपर्छ । साथै दोस्रो हरफमा मूलभाव उत्कर्ष वा परिपाकमा पुगेको हुनुपर्छ ।

(६) टुक्का कविता सिर्जना गर्ने व्यक्तिलाई टुक्काकार भनिन्छ ।

(७) सकेसम्म गहकिला, थोरै शब्दमा वजनदार, रसिलो, कसिलो र चोटिलो शब्दावलीको प्रयोग गरी लेख्न सकिने तर समान अर्थ दिने एउटै शब्दलाई पटकपटक दोहोऱ्याउनु उचित मानिँदैन ।

(८) भाषिक शुद्धतालाई ध्यान दिनुपर्छ । नेपाली भाषामा लेखिएको टुक्कामा सकेसम्म ठेट नेपाली शब्दहरूको प्रयोग गरिन्छ । टुक्का नेपाली मौलिक साहित्य विधा भए तापनि यो जुनसुकै

भाषामा पनि लेख्न सकिन्छ ।

(९) टुक्का जुनसुकै विषयमा पनि लेख्न सकिने तर धार्मिक, सांस्कृतिक, सामाजिक, व्यक्तिगत संस्कार तथा स्वतन्त्रतामा असर पर्ने गरी टुक्काहरू लेख्न पाइने छैन ।

(१०) टुक्कामा आवश्यकताअनुसार अल्पविराम, पूर्ण विराम, प्रश्नवाचक, विस्मयादिबोधक आदि चिह्नहरूको प्रयोग गर्नुपर्छ ।

(११) टुक्का कविताले अन्ततः वाचनबाटै पूर्णता पाउने हुँदा टुक्का कवितामा अक्षर गणना गर्दा लेखन तथा उच्चारण दुवैका आधारमा मान्य हुने तर समानता रहनुपर्दछ ।

(१२) टुक्का कविता वाचन गर्दा पहिलो वा दोस्रो हरफमध्ये कुन बढी चोटिलो छ त्यसलाई मात्र वा दुवै हरफलाई दोहोर्‍याएर वाचन गर्ने गरिन्छ ।

अन्तमा,

टुक्का कविता अन्य साहित्यिक विधाहरूभन्दा फरक गहकिलो भाव बोकेको समयसापेक्ष थोरै समयमा लेख्न र पढन सकिने, छोटा दुई हरफका कविता हुन् । टुक्का कवितालाई तिहारमा माला उनेझैँ, अक्षररूपी फूलहरूलाई छानेर, तौलेर, गनेर उन्नुपर्ने उत्कृष्ट शब्द संयोजनको सुन्दर माला हो ।

टुक्का कविता (स्वच्छन्द)
'व्यस्त अनि खुसी छु हिजोआज सधैँ तिहार छ मेरो,
अक्षररूपी फूल उनेर बनाउँछु टुक्काको घेरो ।'

टुक्का कविता धेरै सर्जकहरूको आत्मीय छत्रछायामा यसको प्रवर्तनपछि स्थापना, विस्तार र उन्नयन भइरहेको छ । अहिले विश्वभर विभिन्न ठाउँमा रहेका धेरै नेपाली भाषी साहित्यकारहरू सक्रिय रूपमा यसमा सिर्जनारत छन् ।

जेजस्ता विधा उपविधामा लेखिए तापनि साहित्य भनेको सबैको भावनात्मक भण्डार हो, साझा चौतारी हो । पछिल्लो समय केही व्यक्तिहरूले आफ्नो मौलिक सिर्जनाभन्दा पनि अरूको बौद्धिक कुराहरू तथा लेख, रचनाहरूलाई नक्कल गरेर; आफ्नो नाम दिएर; प्रचार प्रसार र प्रकाशन गर्ने गरेको पनि भेटियो । अरूको बौद्धिक कुराहरू तथा लेख, रचना नक्कल गरेर देखावटी साहित्यकार बन्नुभन्दा आफ्नै अन्तर्हृदयबाट उब्जिएका तरङ्गहरूलाई कलात्मक शैलीमा प्रस्तुत गर्न सिकेर नेपाली भाषासाहित्यको सेवा गरौँ, नेपाली साहित्यको चौतारीमा इँटाहरू थप्दै जाऔँ ।

जय टुक्का ! जय साहित्य !!

**● ताराप्रसाद चापागाईं**
टुक्काप्रवर्तक तथा अध्यक्ष
टुक्का साहित्य समाज

# २. टुक्का कविताहरू

**(क) छन्द टुक्काहरू**

**भुजङ्गप्रयात छन्द**

१

रमाई हिँडेरै जवानी सकायौ
नसोची अगाडि म सोझो फकायौ ।

२

पिलायौ तिमीले नशामा जवानी
दिलायौ रचेको अनौठो कहानी ।

**(सवाई छन्दका टुक्काहरू)**

३

महिलाकी प्रतिनिधि सीता माता हाम्री
पतिव्रता महारानी सबैभन्दा राम्री ।

४

भाग्यमानी रामचन्द्र मिथिलामा आए,
इमान्दार शील शोभा सहयात्री पाए ।

५

आमा, दिदी सबैलाई यही कुरा भन्छु,
सोच लिनु आफू पनि 'सीताजस्तै बन्छु' ।

६

खेत जोत्दा भेटिएकी धर्तीपुत्री सीता,
स्याहारेर जनकले बनिदिए पिता ।

७

रामोत्तमा, रामनाथा अनेक छ नाम,
सीताजीको जन्मभूमि मिथिलाको धाम ।

८

आजबाटै सिक्न थालैं सवाईको छन्द,
उपयोग कोरोना र सरकारी बन्द ।

९

नदेखिने जीवाणुले आक्रमण गर्दा,
मुख हेर्न नपाइने आफ्नै मान्छे मर्दा ।

१०

अभाव र सङ्कटले कष्ट भयो अति,
सजगता अपनाऔँ धेरै हुन्न खति ।

११

सुरक्षित बनौँ आफ्नै घरभित्र बसी,
आक्रमण गर्ने छैन कोरोनाले पसी ।

१२

सारा विश्व हल्लाउने शक्ति यस्को धेरै,
यताउति डुली हिँड्नु गल्ती भयो मेरै ।

१३

छटपटी गर्दागर्दै धेरै भए लास,
भएन हे सरकार ! विपत्तिमा आस ।

१४

अस्पताल अक्सिजन व्यवस्था खै यहाँ ?
दीन दु:खी जनताले लुक्न जाने कहाँ ।

१५

अधिकार मानवको बाँच्नुपर्छ भन्ने,
ठूलाबडा धन प्यारो अरू कस्ले गन्ने ।

१६

जतातत‍ै कोरोनाको महामारी भयो,
सर्वहारा जनताको आँसु भेल गयो ।

१७

टुक्काहरू लेखिरहूँ कामबिना बस्दा,
कोरनाको कहरमा डर भित्र पस्दा ।

**झ्याउरे छन्द**

१८

भुलेर गयौ पवित्र माया हावाझैँ बनेर,
रोएर बसेँ बिरानो ठाउँ आउँछौ भनेर ।

१९

पीडाको गाँठो कस्को छ कति तुलोमा नजोखौँ,
मनको व्यथा साहित्य लेखी टुक्कामा नपोखौँ ।

२०

पापको झोली भरिन्छ भोलि कुकर्म नगर्नू,
मरेर जानु पर्नेछ सबै भ्रममा नपर्नू ।

२१

पसिना धारा बगाई काम गएर खाडीमा,
बचत गरौँ सह्माली पैसा नफाल्नु झाडीमा ।

२२

स्वदेश छोडी अर्काको देश गरिब भएर,
घाम र पानी कठोर बोली बस्नु छ सहेर ।

२३

बाटोमा आँखा तेर्‍याई सधैँ कुरेर बसेका,
दिनेछु सुख भनेर स्वामी मुग्लान पसेका ।

२४

राष्ट्रिय धान दिवस हाम्रो सफल मनाऊँ,
उन्नत कृषि प्रविधिसाथ संवृद्ध बनाऊँ ।

२५

छुपुमा छुपु रोपेर धान गीतको भाकामा,
दही र च्यूरा, अचार खाँदै खुसी छ आँखामा ।

२६

खेताला खुसी खेलेर हिलो थकाइ भुलेर,
भगाइदिए जग्गाको धनी हिलाम्मे पारेर ।

२७

असार पन्ध्र वर्षात् धेरै रुझेर झरीमा,
धानको बीउ रोपेछौँ माया जिन्दगीभरिमा ।

२८

रोपेर मानो फलाई मुरी जीवन धानेर,
किसान दाजै हर्षित सधैँ सुकर्म जानेर ।

(ख) **स्वच्छन्द टुक्काहरू**

**पाँच अक्षरका टुक्काहरू**

१

बेसरी रोएँ,
यो मन धोएँ ।

२

मायाको दियो,
बलेको थियो ।

३

शान्त तलाउ,
भो नचलाऊ ।

४

मनमा खोट,
अदृश्य चोट ।

५

दुनियाँ कस्तो,
माया भो सस्तो ।

६

बोलेको छैन,
देखायौ पैन ।

**छ अक्षरका टुक्काहरू**

७

गनाउँदै हिँड्ने
इज्जत नै गिड्ने ।

८

जिन्दगीको यात्रा
नबनोस् है जात्रा ।

९

महङ्गीको चोलो,
पैसा सबै खोलो ।

१०

सुकर्म गरेर,
जानु छ मरेर ।

११

नगर्नु रहर,
निम्तेला कहर ।

१२

बनायो नि लास,
रोकिने भो सास ।

**सात अक्षरका टुक्काहरू**

१३

नडुल्नु है साँझमा,
कुसंस्कारी माझमा ।

१४

खै त माया गरेको,
किन पर सरेको ।

१५
निर्धालाई हकार्ने,
आफू घुस डकार्ने ।
१६
आऊ हात समाऊ,
यो काखमा रमाऊ ।
१७
हुँदामा सर्वभोगी,
भइन्छ छिट्टै रोगी ।
१८
आशा केही पाउँला,
मीठो चोखो खाउँला ।
१९
चोरेर लग्यौ दिल,
साँचेर राखेँ खिल ।

**आठ अक्षरका टुक्काहरू**

२०
नेपाल यो सानो देश,
कोरोनाले पार्‍यो शेष ।
२१
गरिब दु:खीको मर्म,
बुझ्‍ेमा मिल्नेछ धर्म ।
२२
मायाको भीख मागेको,
देवी देउता भाकेको ।

२३

छल्कियो शान्त तलाउ,
आऊ मायाले गलाऊ ।

२४

सात समुद्र तरेर,
सम्झन्छु माया गरेर ।

२५

नजाऊ एक्लै छोडेर,
मायाको बाटो मोडेर ।

२६

रात बित्यो तारा गन्दै,
कुरे थैं आउँछ्यौ भन्दै ।

२७

अग्रजका कुरा सुन्न,
अर्ती ती मनमा गुन्न ।

**नौ अक्षरका टुक्काहरू**

२८

परास्त भो दम्भ शक्तिको,
जित विधि, देशभक्तिको ।

२९

गयौ तिमी परलोकमा,
पर्‍यौं हामी यहाँ शोकमा ।

३०

छोडेर गयौ यादहरू,
सकिनँ भुल्न साथहरू ।

३१
शरद्मा फूल ती फुल्दै छन्,
खुसीसाथ डाली झुल्दै छन् ।
३२
सुखी हुनु सधैँ हाँसेर,
सयौँ जुनी सँगै बाँचेर ।
३३
मुटुभरि माया साँचौंला,
तिम्रै बनी सधैँ बाँचौंला ।
३४
विपद् पर्दा कहीँ चुक्दैनौँ,
आँधी हुरी आए रुक्दैनौँ ।
३५
रिसाएर हेरेर डेडो,
बिझायो यो मुटु नै छेडो ।
३६
अगाडि पर्दा चिप्ला कुरा,
पछाडिबाट हान्यो छुरा ।

**दस अक्षरका टुक्काहरू**

३७
राष्ट्रिय दिवस टोपी ताज,
हिमालझैँ शोभा देखेँ आज ।
३८
रात छिचोल्दै तारा झरेर,
बिलायो बीचमै आशा मरेर ।

३९

रङ्गीन संसारमा नजाऊ,
दु:खलाई झेल्नु छ लौ आऊ ।

४०

लेख्या हुन्छ पाइन्न देखेर,
दु:ख भुल्छु आँसुले लेखेर ।

४१

भोग्दै छु अनेकौं व्यथाहरू
लेख्दै छु पीडाका कथाहरू ।

४२

बिर्सन खोज्छु आँसु पिएर,
फाटेको मनलाई सिएर ।

४३

बेचैन भएछु आजकल,
थामिएन बग्न नेत्रजल ।

४४

भ्रष्टाचार व्याप्त राजनीति,
भयो लोकतन्त्रको बेथिति ।

४५

सबै लुटे घुस खुवाउँदै,
बाध्य परे आत्मा रुवाउँदै ।

४६

भोक टरिसक्यो तिमी आयौ,
मन मरेपछि माया लायौ ।

४७

चोट अनि आँसु लाग्छ उस्तै,
समुद्रको पानी छल्के जस्तै ।

४८

मायालु हेराइ मन्द हाँसो,
कोमल मनको भयो पासो ।

४९

राम्रो लाग्यो मायालु हाँसेको,
माया गर्दै खुसी भै नाचेको ।

५०

छोटो भाव काव्य मिलाएर,
पोखियो वेदना सिलाएर ।

५१

रोग आयो भयो बन्दाबन्दी,
खल्ती पेट सबै छायो मन्दी ।

५२

भोक, प्यास, नीद सबै भाग्ने
मायाको मिठास प्यारो लाग्ने ।

५३

प्यारो नाता आज खै के भयो,
आँसु नदी भेल बन्दै गयो ।

५४

मर्न खोजेथेँ बाँच्न सिकायौ,
आँसु पुछेर हाँसो झिकायौ ।

५५

पिएर प्रेमका प्यालाहरू,
मेटाएँ मनका ज्वालाहरू ।

५६

चोखो माया भन्थ्यौ अलङ्कार,
अभावले भयो हाहाकार ।

५७

अल्प आयु माया भो बिरानी,
रात दिन भिज्छ यो सिरानी ।

५८

मीठो बोल्यौ दिएँ चोखो माया,
मन जित्यौ सुम्पिदिएँ काया ।

५९

दुनियाँमा साथी भेटेँ लाख,
मलाई छ प्यारो तिम्रो काख ।

६०

किन दुख्छ शिर घरीघरी,
देख्छु ग्रह दशा वरिपरि ।

६१

लग्यौ मेरो मुटु कसो गरी,
सम्हालेर राख्नु सधैँ भरी ।

६२

सम्हालौँ कसरी तिम्रो नासो,
भोलि हुने हो कि गला पासो ।

६३

उजाड बागमा फूल रोज्यौ,
मरुभूमिमाथि मूल खोज्यौ ।

६४

चोट दिई गयौ उपहार,
हुँदैन त्यो सपना साकार ।

६५

क्वारेन्टाइनमा तिमी आऊ
सुटुक्क लुकेर माया लाऊ ।

६६

पुराना ती नाता तोडी गएँ
अधैँरो भविष्य एक्लो भएँ ।

६७

आऊ जाऊँ घुम्न रमाएर
मायालु ती हात समाएर ।

६८

रहन्छ समय कहाँ उस्तै,
घुम्दछ घडीको सुई जस्तै ।

६९

ऋटारो रहेछ तिम्रो माया
नजिक नभई बन्यो छाया ।

७०

लिलाम भएछ तिम्रो माया
लाग्थ्यो त्यो जुनको चिसो छाया ।

७१

ईश्वर पुकारेँ दुःख टाल्न,
परिश्रम गरेँ पेट पाल्न ।

७२

ऋाँगिएको माया मासी गयौ,
मलाई रुवाई हाँसी गयौ ।

७३

रमाउनु पीडा फुकाएर,
नबस्नु कहिल्यै लुकाएर ।

७४

बाजी भो जितेर देखाउँछु,
त्यो दिलमा नाम लेखाउँछु ।

७५

कहिले जाने हो छैन भर
के नै गर्नु छ र किन डर ।

७६

बनिदेऊ तिमी सधैँ शुद्ध,
मन शान्त बनाएर बुद्ध ।

७७

नालीमा बस्दथ्यौ नलकीरा
सुधार्ने कोसिस पाऱ्यौ चिरा ।

७८

रिसमा आगोका डल्लाहरू
छोडिदेऊ मिथ्या हल्लाहरू ।

७९

के भनौँ बोली नै आउँदैन
केही सोच्न मन लाउँदैन ।

८०

जता पनि तिम्रै झल्को लाग्छ,
नजिक पाउँछु चिन्ता भाग्छ ।

८१

मायाको बदला माया लेऊ,
जुनझैँ शीतल छाया देऊ ।

८२

नकाऱ्यौ तिमीले मेरो कुरा,
चलाई मनमा तिखो छुरा ।

८३

सामना गर्नु छ दु:खलाई
आउँछ कुर्नु छ सुखलाई ।

८४

फेरियो जीवन तिमी आयौ,
हराभरा भयो प्रीति लायौ ।

८५

बिस्तारै नजिक आइदेऊ,
चोखो न्यानो माया लाइदेऊ ।

८६

गल्ती मेरो सबै सत्य ठान्नू,
धोकामा रहेछु साँचो मान्नू ।

८७

चाहेको थैं हात समाउन,
तिमीसँग हाँस्न रमाउन ।

८८

सम्झैं साथ दिने हातहरू,
अनिदो बितेका रातहरू ।

८९

बसेँ सधैँ शिर झुकाएर
मुटुभित्र व्यथा लुकाएर ।

९०

चिनजान अनि नौलो भेट,
मनभित्र प्रवेशको गेट ।

९१

तिम्रो अनि मेरो मन साटौँ
साथै ज्यून मर्न डाँडै काटौँ ।

९२

सधैँ बाँधिराख अँगालोमा,
नछोड कहिल्यै भङ्गालोमा ।

९३

लाचार बनेर सीमा नाघ्यौ,
माया गर्दागर्दै कता भाग्यौ ।

९४

ओत लाग्ने छाता हामी मित्र,
सँगालेको नाता दिल भित्र ।

९५

कहिल्यै नझुक्ने हामी वीर,
सगरमाथाझैं उच्च शिर ।

९६

भुलूँ भन्दा झन् याद आयो,
सम्झनाले सधैँ मुटु खायो ।

९७

आँसुले धोएको दु:ख थियो,
मनले सिर्जेर सुख दियो ।

९८

भाग्य यो भावीले लेखिदियो,
कर्मले खुसी यो सेकिदियो ।

९९

लगाई शिरमा ढाका टोपी,
खुसी छौँ नेपाली माया रोपी ।

१००

नभमा बादल लुक्यो घाम
परेली भिजाई खोजेँ राम ।

१०१

मनको मायालु भन्नलाई,
कोही छौ कि मेरो बन्नलाई ।

१०२

दियौ कस्तो चिनो उपहार,
साथमा तयारी तरबार ।

१०३

चोखो मायाभित्र सुख थपौं,
सँगै मर्न पाऊँ प्रभु जपौं ।

१०४

नेता भए कुर्सी हल्लाउने,
सुपुत्र खै देश चलाउने ।

१०५

लौ न अति भयो भ्रष्टाचार,
सहनु कति यो अत्याचार ।

१०६

घात किन मेरो चाहानामा,
स्वार्थ देख्छु तिम्रो बहानामा ।

१०७

लुकिछिपी माया लगाउने,
स्वार्थ पूरा हुँदा भगाउने ।

१०८

तिमी आऊ बाटो हेरिरहें,
कल्पनामै माया बेरिरहें ।

१०९

झिल्को आगो सबै सल्काउँछ,
झिल्केले नक्कली पल्काउँछ ।

११०

लाग्थ्यो राम्रो चोखो फूल पाएँ,
झुक्किएँ नराम्रो धोका खाएँ ।

१११

दु:ख जनताले झेलिरहे,
नेता पसिनामा खेलिरहे ।

११२

कहाँ गयो पालो विकासको,
बाटो छ ओरालो विनाशको ।

११३

खुला छ आकाश धर्ती पनि,
रमौँ स्वर्ग मातृभूमि भनी ।

११४

अनिदै बिताएँ एक्लो रात,
सपना कल्पना मीठो बात ।

११५

सपनीले सधैँ झस्काउँछ,
सम्झनाले मुटु चस्काउँछ ।

११६

पाप धेरै भयो यो कलिमा,
धर्मजति सबै भो बलिमा ।

११७

शीतल छहारी उस्तै छाया,
गहिरो सागर त्यस्तै माया ।

११८

मधुर जुनेली यो छायामा,
गडेको पिरती त्यो मायामा ।

११९

मर्छु झुक्न दिन्न स्वाभिमान,
वीर हुँ यो मेरो अभिमान ।

१२०

दु:खमा मल्हम टालिदेऊ
अँधेरोमा बत्ती बालिदेऊ ।

१२१

दु:ख र सुखमा साथ देऊ
अप्ठेरा बाधामा हात लेऊ ।

१२२

रूपले चरित्र नदेखिने
सोचेझैं भाग्यमा नलेखिने ।

१२३

डाँका छिरे साधु भै भेषमा
बाँच्न गाह्रो भयो यो देशमा ।

१२४

सधैँ रुन्थेँ आज देश रोयो,
नेपाल आमाको मुटु छोयो ।

१२५

मै खाऊँ मै लाऊँ भन्नेहरू
काम छैन ठूलो बन्नेहरू ।

१२६

ठूलो साच्यो सधैँ धनलाई,
आफ्नो के हो सोध मनलाई ।

१२७

पाकेछ बेसरी पिच्च पिलो,
निचोरे लतक्क निक्ल्यो गिलो ।

१२८

अक्कडो बानीले रिस उठ्यो,
तातेर दिमाग स्वास्नी कुट्यो ।

१२९
फाटेका कपडा, पेट खाली
दु:खमा दया खै, उल्टै गाली ।
१३०
घुम्दै आयो फेरि नयाँ वर्ष
नाच्दै रमाउँदै भयो हर्ष ।
१३१
एकता भो टुक्रा राज्य आज
वीर पुरुष ती पृथ्वी ताज ।
१३२
छोटो मीठो राम्रो टुक्का काव्य
मनोभाव पोख्न भो सम्भाव्य ।
१३३
गन्तव्य कहाँको थाहा छैन,
अरूले जे गरून् डाहा हैन ।
१३४
धोका दियो जवानी भेलले,
मीठो बोली मायाको खेलले ।
१३५
तिम्रो तिखो अनि टर्रो बोली,
चित्त दुख्यो हानेझैं भो गोली ।
१३६
खुसीमा सबै साथमा भए
दु:खको क्षणमा टाढा गए ।
१३७
जीवन हो अनिश्चित यात्रा,
नहोस् सधैँ यो दु:खको जात्रा ।

**एघार अक्षरका टुक्काहरू**

१३८

अभ्यास गरौँ टुक्कामा आएर,
लेख्नुपर्छ समय मिलाएर ।

१३९

प्यारा तिमी परदेशी हुनाले,
यो ज्यान सुक्यो सम्झेर रुनाले ।

१४०

आयो फेरि रङ्गको पर्व होली,
खेल्दै, रमाई, नाचौँ मन खोली ।

१४१

होलीले रङ्गिएर बढ्यो जोस,
मनाऔँ पर्व हाम्रो राख्दै होस ।

१४२

आफैँभित्र दु:ख पाकेर बाँचेँ,
ठूलो चोटपछि थाकेर हाँसेँ ।

१४३

आँखाबाट भेल बाढी पानीको,
याद आयो त्यै छोडर जानीको ।

१४४

ठट्टा गरेको व्यर्थैमा रिसायौ
हँसमुखमा बादल मिसायौ ।

१४५

झिमझिम तिम्रा ती आँखाहरू,
बोल्दै छन् है मायाका भाकाहरू ।

१४६

डुबाएर मलाई भँगालोमा,
रमायौ पराईको अँगालोमा ।

१४७

तिमी आयौ, गयौ थाहै भएन
केके भयो कुन्नि होसै रहेन ।

१४८

मिल्यो विचार जोडियो सम्बन्ध
विश्वास टुटयो तोडियो सम्बन्ध ।

१४९

जाडोको पर्व फेरि आयो माघी
रमाउँथ्यौँ मेलामा भागी भागी ।

१५०

माघे सङ्क्रान्ति घिउ चाकु खाने
मेला हेर्न खुसी भएर जाने ।

१५१

खुसीमा बितोस् ती हरेक छिन,
मनदेखि कामना शुभ दिन ।

१५२

माया गर नजाऊ है छोडेर,
चोट दिई अन्तै मन मोडेर ।

१५३

स्वार्थी छन् सबै, दाउ खोज्दै बस्छन्
खुट्टा तानी पछार्न तेल घस्छन् ।

१५४

डुबेर यी नयन ताल भित्र,
बस्यौ सजिएर सुन्दर चित्र ।

१५५

स्वार्थ भरिएको नाता नजोड्नू,
इमान्दारिता कहिल्यै नछोड्नू ।

१५६
पागल भएँ उसैको मायामा,
प्यारो निश्छल शीतल छायामा ।
१५७
ओठको हाँसो तिम्रो प्यारो लाग्छ,
लजालु स्वभावले माया जाग्छ ।
१५८
जन्म उत्सव तिम्रो शुभ होस,
सत्कर्ममा बढिरहोस् यो जोस ।
१५९
तिम्रो मेरो जीवनकथा उस्तै
तडपाई अनि व्यथा दुरुस्तै ।
१६०
जवान छु बूढो भएकै हैन,
तनमा जवानी गएकै छैन ।
१६१
तिमीले उता लुकेर हेरेको,
भुल्न सकिनँ बाहुमा बेरेको ।
१६२
धनी छ मौलिक संस्कृति हाम्रो,
स्वर्गझैं सुन्दर प्रकृति राम्रो ।
१६३
हाक्क थुक्क छि बान्ता गर्‍यो कस्ले,
दुनियाँको पसिना घिच्यो जस्ले ।
१६४
सोच्थैं तिमी ठूलो महान् कवि,
देखाई दियौ आफ्नो प्रतिच्छवि ।

१६५
फाटेको मस्तिष्क बोकेर हिँडे,
हन्डर ठक्करले मन गिँडे ।
१६६
कति सुन्दर मायालुको चित्र,
सजाई राख्छु मेरो दिल भित्र ।
१६७
चोखो माया यो मनको रोजाई
दु:ख सुख साथ सधैँ खोजाई ।

**बाह्र अक्षरका टुक्काहरू**

१६८
आइदेऊ न प्रभु अब केही गर,
मानवको सङ्कटमा तिम्रै छ भर ।
१६९
छटपटी यहाँ गरिब दु:खीको,
थुप्रियो अझै धन धेरै सुखीको ।
१७०
जाग न ईश्वर कोरोना भगाऊ,
आत्तियौँ असाध्यै लौ आशा जगाऊ ।
१७१
गरी खाउँला जोतेर खेतबारी,
रुँदै भन्दछिन् हृदयकी पियारी ।
१७२
टुक्काका साथीको सवारी भएछ,
सिक्ने र सिकाउने तृष्णा रहेछ ।

१७३
पिएर जवानी मदिराको प्याला,
दन्कियो छातीमा त्यो मायाको ज्वाला ।

१७४
मानिसलाई धनसँग नदाँजौँ,
यही दुस्मन आपसमा नबाऔँ ।

१७५
चिरबिर गर्दै त्यो चरी रमायो,
वसन्त बहारमा डाली समायो ।

१७६
चिटिक्क पारी सजाएर चोलीमा,
लैजान्छु बाजा बजाएर डोलीमा ।

१७७
छोडी गयौ निष्ठुरी एक्लो पारेर,
भुल्यौ चोखो सम्बन्ध माया मारेर ।

१७८
जन्मिएको एक महिना भएको,
बामे सर्दै बिस्तारै अघि गएको ।

१७९
एक्लो चखेवा हुँ म छट्पटिएको,
मायालुको खोजीमा भुट्भुटिएको ।

१८०
तिमी गयौ सपनीमा बोलाउँदै,
बिपनीमा बसेँ एक्लै टोलाउँदै ।

१८१
एकोहोरो किन भयौ छैन भर,
बाहिरी संसार पनि हेर्ने गर ।

१८२

फर्किनु विगतका कुरा छोडेर,
बाँचौँ टुक्रिएका यी मुटु जोडेर ।

१८३

जङ्घार तरेर नजिक आऊ माया
दुनियाँ भुलेर बन्नेछु तिम्रै छाया ।

१८४

बदल्न सकेनौ आफ्नो मनलाई
अँगालेर बस्यौ त्यही धनलाई ।

१८५

जानु छ एक दिन सबै छोडेर,
नहिँड्नु ठूलो बनी बाटो मोडेर ।

१८६

भेट्न आउनु नि साँझको बेलामा,
घुम्न जाउँला रमाइलो मेलामा ।

१८७

ममताको खानी हो आमाको काख,
मेरो स्वर्ग त्यही किन खोज्नु लाख ।

**तेह्र अक्षरका टुक्काहरू**

१८८

मानव जगत्बाट यो के पाप भयो,
गुप्त भाइरसले धेरै ज्यान गयो ।

१८९

पञ्चेबाजा बजाएर जन्ती नलानू,
कोरोनाले समात्ला बाहिर नजानू ।

१९०

पिउनै हुँदैन है मदिराको पानी,
अकालमै चुँडेर लान्छ जिन्दगानी ।

१९१

सुनसान जङ्गलमा न्याउली बोल्यो,
मनमा गुम्सिएका सबै व्यथा खोल्यो ।

१९२

कस्तो होला व्यथा पतझड रूखको,
गाह्रो छ बाँड्न कथा दुःख र सुखको ।

१९३

प्रजातन्त्र आयो जनको सङ्घर्षले,
नखोसियोस् अधिकार बाँच्ने हर्षले ।

१९४

मकर सङ्क्रान्ति योग दिवस पनि
पुख्र्यौली पर्व मनाउने खुसी बनी ।

१९५

व्यर्थैमा नबगाऊ भो आँसुको खोला,
तिमीलाई सुम्पेको छु मेरो यो चोला ।

१९६

मन भरि भएको छ धेरै छन् पीर,
बिरामीझैँ सधैँ भरी छ मेरो शिर ।

१९७

सिकाउँदा ध्यान दिई राम्ररी सिक्नू,
जानिनँ भनेर पछि कुरा नझिक्नू ।

१९८

थिम नफेर्नुस न माता भगवती,
तिरिमिरी आँखा भई हुनेछ खति ।

१९९
आजै हाँस्छौ भोलि रुने दिन आउला,
दु:ख पर्दा, अरू हाँस्दा चाल पाउँला ।
२००
लट्ठ पार्‍यो नजरको तीर हानेर,
धोका नहोस् है पछि नजिक तानेर ।
२०१
भमराले चुम्यो सबै रस रित्तियो,
त्यो कोमल फूलको जवानी सिद्धियो ।
२०२
हामी सबैले संसार स्वच्छ बनाऔँ,
विश्व वातावरण दिवस मनाऔँ ।
२०३
हामी सबै बटुवा जिन्दगी हो बाटो,
हिँडाउने ईश्वर दुनियाँ यो लाटो ।
२०४
सम्झँदा हरपल आँखामा आउनू,
जीवनमा खुसीको बहार ल्याउनू ।
२०५
सधैँ थियो हाँसेर जिउने रहर,
मसानघाटझैँ भयो तिम्रो सहर ।
२०६
आएको म त जुनीजुनी तिम्रो हुन,
सुखमा हाँस्न दु:ख पर्दा सँगै रुन ।
२०७
तिमीसँगै मन पनि उडेर गयो,
आशाहरू चुडिएर बिरानो भयो ।

२०८

आऊ चेली माइतमा तीज मनाऔँ,
दर खाई हाम्रो पर्व भव्य बनाऔँ ।

२०९

बालबालिकाहरू ती अबोध हुन्छन्,
माया दिई स्याहार नगरे ती रुन्छन् ।

२१०

मर्नु छ एक दिन, कसले के लान्छ,
जसरी आयो उस्तै खाली हात जान्छ ।

२११

सुख शान्तिमा जीवन बित्नेछ कस्को ?
लोभ, मोह, तृष्णा मनमा छैन जस्को ।

**चौध अक्षरका टुक्काहरू**

२१२

संसारै आतङ्कित यो कस्तो बेला आयो,
कोरोना महामारीले धेरै ज्यान खायो ।

२१३

छलकपट किन गर्नु के नै छ लानु,
जस्तो आयो त्यस्तै नै हो खाली हात जानु ।

२१४

व्यवस्था फेरिए नि जीवन फेरिएन,
मजदुरको पीडा कहिल्यै हेरिएन ।

२१५

नयाँ वर्ष उमङ्ग र बढोस् धेरै ज्ञान,
शुभ रहोस् दिनहरू टुक्कामा नै ध्यान ।

२१६

छोटो मीठो चट्ट लेख्ने हामी टुक्काकार,
साहित्यमा इँटा थप्ने सपना साकार ।

२१७

खेलौँ सबैले घोलेर रङ्ग थरीथरी,
यस्तो अवसर आउँदैन घरीघरी ।

२१८

जस्को शक्ति जति हुन्छ उस्ले त्यही देख्छ,
आडम्बरी विद्वान् भए राम्रो कहाँ लेख्छ ?

२१९

बिर्सनु हुन्न सबको महत्त्व छ कस्तो,
नपाउँदा महँगो भो पाएपछि सस्तो ।

२२०

किन टाढा भयौ केही सकिएन बुझ्न
ढुङ्गाको मन रहेछ गलत भो पुज्न ।

२२१

कति मेहनत थिए तिम्रा, धेरै दिलायौ
टुटाई मुटु छोडर गयौ, आँसु पिलायौ ।

२२२

नहोस् कोही त सम्झौतामा बाँच्न विवश
चोखो माया हरेक दिन प्रेम दिवस ।

२२३

देह मात्र बाँकी रह्यो उडी गयो आत्मा
पाप, धर्म कस्ले देख्ने खाली छ हातमा ।

२२४

चौतर्फी खोजी गरेँ ईश्वर देखिएन,
मेरो मात्रै किन होला भाग्य लेखिएन ।

२२५
श्वास फेर्न गाह्रो भयो उपचार खोइ ?
यस्तै भयो मरण कोही नबस्नु रोई ।
२२६
हिजोसम्म साथ थियौ आज छुट्नु पर्‍यो,
असत्ती यो दैवले नि गर्नुसम्म गर्‍यो ।
२२७
सधैं साथ र माया रहोस् टुक्काकी खानी,
अझै ऊर्जा थप्दै जानु दोहोरीकी रानी ।
२२८
अप्सराझैं बैंसालु सुवास फिजाउँदै,
इन्द्रेणीले चुमिदियो धर्ती भिजाउँदै ।
२२९
मोहित भएर फूलको राग रागमा,
लोभी भमरा पसेछ सुन्दर बागमा ।
२३०
नफक्रिँदै ओइलिएर फूल झरेको,
वेदना कसलाई पोख्नु मन मरेको ।
२३१
तनमन सुक्खा भई फाटेको छ धाँजो,
घरीघरी किन आउँछन् र थाप्छन् भाँजो ।
२३२
समाजमा केही गरौं नाम कमाउन,
नगरी व्यर्थै कहाँ पाइन्छ रमाउन ?
२३३
लुटेर लग्यो सबै कुरा बाढी पसेर,
बेघर भई आँसु झारें एक्लै बसेर ।

२३४

विश्वास तोड्यौ, धोका दियौ, सासै रोकियो
आँसु बनी मनको पीडा सबै पोखियो ।

२३५

अहमताले पछ्यार्छ छाडिदेऊ आजै,
मरी लानु केही छैन द्वेष किन राजै ।

२३६

नचाहिँदो सोच अनि अहङ्कार त्यागौं,
सबैको सम्मान गर्दै लक्ष्यतिर लागौं ।

२३७

फूल ओइलिएर झर्‍यो अब के गरौं,
माया त्यत्तिकै मर्‍यो रङ्ग कसरी भरौं ।

२३८

उठ जाग युवा हिँड्नु छ देश बोकेर,
रक्षा खातिर बैरीलाई गोली ठोकेर ।

२३९

आफ्नै घर खेतबारी सजाउने काम,
अरूकोमा गुलामीले किन खोज्नु दाम ?

२४०

जून देख्दा जूनै प्यारो घाम देख्दा घाम,
अनेक पाप मनभित्र मुखले राम ।

२४१

मरी जाने कच्चा चोला आज हो कि भोलि,
रिस द्वेष सबै छोडी बोलौं मन खोली ।

२४२

गोर्खाली रगत र बोली हो हाम्रो शान,
संसारकै वीर जाति उच्च पहिचान ।

२४३

पवित्र रक्षा बन्धन सुरक्षा र माया,
दुस्मन र राक्षसको नपरोस् है छाया ।

२४४

भोकले नै दुःख दियो, भोकले नै खुसी
नियन्त्रणमा नहुँदा बनायो कलुषी ।

२४५

साहित्यमा मोती बनी चम्किएका तारा,
खोज र उत्थानमा जीवन लायौ सारा ।

२४६

सधैँ फुर्तिलो रहन गर्नुपर्छ योग,
नियमित गर्न सके भाग्छ सबै रोग ।

२४७

अँध्यारो हटाई ल्याउँछ अद्भुत ज्योति,
ननासिने नचोरिने शिक्षा नै हो मोति ।

२४८

जिन्दगीको मोडमा धेरै साथी भेटियो,
केही यादहरू ताजा छन् कति मेटियो ।

२४९

दुई ढुङ्गाको तरुलमा पस्यो खपिसी,
राष्ट्रघाती बुँदा बोकी आयो एमसीसी ।

२५०

अहङ्कार मात्र गरी जीवन चल्दैन,
परिश्रम नगरी त्यसै चुलो बल्दैन ।

२५१

ईर्ष्या र अहमता हो अशान्तिको बीउ,
पीर चिन्ता बढ्छ त्यसै सुकाउँछ जीउ ।

२५२

शब्द सुन्दै कति प्यारो सम्झिँदै छु आमा
हुर्काउन बढाउन धेरै गऱ्यौ धामा ।

२५३

कति महान् छिन् सबैकी सृष्टिकर्ता आमा,
अरू खै के देख्छन् कुन्नि म त देख्छु वामा ।

२५४

सीप सिकौँ, केही गरौँ स्वदेशमै पनि,
बिदेसिनु नपरोस् हैँ कोही दास बनी ।

२५४

घृणा अनि चोट दिई भन्छौ माया गर्छु,
जाल बुन्दै भित्रभित्रै रैछ सबै हर्छु ।

२५६

चोटले भरिएको लास थियो अजङ्ग,
बीभत्स त्यो हत्या देख्दा भइयो ऊसङ्ग ।

२५७

प्रकृतिले हराभरा सुन्दर हिमाल
स्वर्गजस्तै रमणीय छ हाम्रो नेपाल ।

२५८

आफ्नै गल्ती सम्झेर धरधरी रुँदै छु,
हाँसीखुसी बित्थ्यो जीवन एक्लो हुँदै छु ।

२५९

कि आफू सिक्नु कि अरूले भनेको मान्नू,
एकोहोरो पनाले दु:ख पाइन्छ जान्नू ।

**पन्ध्र अक्षरका टुक्काहरू**

२६०

जन्मिन देऊ भरुण छँदै मलाई नमार,
अबोध छु म द्वन्दको चपेटामा नपार ।

२६१

मन मिल्ने साथीभाइको विश्वासिलो साथ,
जस्तै सङ्कट आए पनि छोड्नु हुन्न हात ।

२६२

आफ्नो हक जमाउनु नबस्नु रिसाएर,
सम्बन्ध बचाउनुपर्छ माया मिसाएर ।

२६३

लजाउँदै आउनु प्रिय आज केही भन्छु,
चोखो माया बाचा बाँधी रातो गुलाफ दिन्छु ।

२६४

हिजोसम्म प्यारो मान्छे भयो आज खरानी,
छोडी जानैपर्ने रहेछ हितको परानी ।

२६५

दुनियाँमा रङ बदल्ने धेरै माथि पुगे
विद्वान् भलाद्मीहरू सबै नै वृक्षझैं नुगे ।

२६६

माली बन्नु बगैंचाको सधैं साथ दिउँला,
फूलझैं फक्रिएर तिम्रै दिलमा जिउँला ।

२६७

चोखो माया देऊ प्रिय जून तारा माग्दिनँ,
तिम्रो न्यानो साथ छोडी अन्त कतै भाग्दिनँ ।

२६८

मलाई सम्झी नरुनु नआऊ हेर्नलाई,
मौका तिमीलाई मिलेन कात्रो बेर्नलाई ।

२७९

सम्झनामा रह्यौ तिमी बस्छु तस्बिर हेरी,
छोडी गयौ शून्यतामा आउने छैनौ फेरि ।

२७०

प्रार्थना छ संसारभरि सुख शान्ति छाओस्,
प्राणी सबमा बुद्धत्वले सार्थकता पाओस् ।

२७१

राजसत्ताको मोह छोडी त्यागी बने गुरु,
ज्ञान बाँडी प्रचार गरे बुद्ध धर्म सुरु ।

२७२

जन्मेका थिए बुद्ध हाम्रा विश्व शान्ति छरे,
यहीँ जन्मे कुपुत्र ती सबको खुसी हरे ।

२७३

बुद्धका उपदेशलाई शिरोधार्य गरौँ,
हत्या हिंसा बन्द गरी मनमा खुसी भरौँ ।

२७४

आजैबाट सुध्रिएर हामी निरोगी बनौँ,
धूम्रपानरहित दिवसको जय भनौँ ।

२७५

हर प्रहर आँखाभरि आँसु टिलपिल,
निभ्न लाग्या दियोझैँ यो जीवन पिलपिल ।

२७६

जिउनै गाह्रो जिन्दगी यो जताततै भीर,
हाँस्न खोज्छु मन खोली मनभित्र छ पीर ।

२७७

तिमीलाई सम्झिँदैमा गजब नसा लाग्यो,
कल्पनामा मुस्कुराउँदै भेट्न मन जाग्यो ।

२७८

सयपत्री, जाई, जुही, मखमली र बेली,
मुस्कुराउँदै बसेका ती गुलाब चमेली ।

२७९

कति प्यारा बागमा फूल फुले थरीथरी,
खुसी हुँदै पुतलीहरू नाच्छन् घरीघरी ।

२८०

फूलको सुवास कहाँ मिल्छ हावा नबहे,
सम्बन्धको कुनै अर्थ हुन्न माया नरहे ।

२८१

नजाऊ प्रिय रुवाउँदै संसार छोडेर,
दुनियाँभरको सर्वश्रेष्ठ नाता जोडेर ।

२८२

लक्ष्यमा अघि बढ्छु नभएर धरमर,
दुनियाँमा कृति राखी बन्नेछु म अमर ।

२८३

व्रत बसेँ तिम्रै हुन नजाऊ रिसाएर,
अँगालोमा बाँधेर राख्नु माया मिसाएर ।

२८४

पूजा गर्न शिवजीको मन्दिरमा धाएर,
दुःख, पीडा भुलेँ सबै तिमीलाई पाएर ।

२८५

साउने सोमबार महादेवको भक्तिमा,
भरोसा लाग्छ सधैँ व्रत र दैवी शक्तिमा ।

२८६

मेहन्दी हातमा अनि चुरा, पोते हरियो
पूजा अर्चना शिवजीको शरण परियो ।

२८७

भेल बढेर बस्तीलाई बगर बनायो,
प्रकृति सम्पदा दोहनमा दुःख जनायो ।

२८८

बादल छायो मायामा आँधी हुरी आउला,
वर्षौंको सम्बन्धलाई छिनमै उडाउला ।

२८९

घाँसीको प्रेरणा लिएर भानु बनी चम्के,
साहित्यको शिखर चुम्दै प्रगतिमा लम्के ।

२९०

व्यर्थै अरूलाई पीडा दिने कस्तो अधर्म
यदि सच्चा मानव भए बुझ्नुपर्थ्यो मर्म ।

२९१

तिमी टाढा हुँदा मनमा आँधी हुरी चल्छ,
अन्तै आँखा लाग्छ कि भनी मुटु त्यसै जल्छ ।

२९२

साउनझैं उर्लिएथ्यो तिम्रो मायाको भेल,
सम्हाल्न नपाउँदै टुट्यो कस्तो हो त्यो खेल ?

२९३

धोका भनेको यस्तै रहेछ जात जनायो,
एक्लै सुखी बन्न सबलाई दुःखी बनायो ।

२९४

मनको पीडा लुकाएर ओठ हाँसिरह्यो,
आँसु बगाई परेलीले माया गाँसिरह्यो ।

२९५

वृद्ध भए ती आमाबाबा मुटुमा अटाऊ,
आँसु लाग्छ तिमीलाई आश्रम नपठाऊ ।

२९६

जनतालाई दुःख पीडा महङ्गीको कुरा,
लापर्बाह सरकार छ उल्टै हान्छ छुरा ।

२९७

विश्वास गरी तिम्रो सामु आत्मकथा खोलेँ,
भित्री मन रुँदा पनि बाहिर हाँस्दै बोलेँ ।

२९८

सोझो बाटो हिँड्दा पनि धेरै दुस्मनी बने,
लक्ष्य भेट्न अघि बढ्दा तिनैले जरो खने ।

२९९

भगवान् हुन् मातापिता छुनुपर्छ पाउ,
बुझ्नुपर्छ सदैव उनका मनका घाउ ।

३००

समयको खेल कस्तो हेर्दै जाऊँ है साथी,
आज तिमी महान् ठान्छौ भोलिको चितामाथि ।

३०१

भगवान् हुन् ती बुबाआमा प्राण भरे हाम्रो,
आफू भोकै बसी सन्तानलाई दिए राम्रो ।

३०२

पढी लेखी ज्ञान अनि बुद्धि हासिल गर्दा,
ठूलो म नै हुँ अहम् बोकी छाँगाबाट झर्दा ।

३०३

शिशुप्रति वात्सल्य आमाद्वारा स्तनपान,
नभुलौँ त्यो दूधको भारा अमृत समान ।

३०४

विश्व स्तनपान सप्ताह दिवस मनाऔँ,
आफ्ना बालबालिकालाई बलियो बनाऔँ ।

३०५

आत्मविश्वास, कर्मठ अनि छन् बलवान,
वीर गोर्खाली भनी विश्वमा नै पहिचान ।

३०६

दस धारा दूध हो शिशुको अमृत पान,
आफैँभन्दा धेरै माया गर्ने हुन् आमा महान् ।

३०७

भविष्य कोर्ने राजनेता ती खै कता गए,
युवा शक्ति सबै विदेश पलायन भए ।

३०८

परदेशमा जान्छौ किन खोज्दै रोजगारी,
बिराउँदा सुन फल्नेछ हाम्रै खेतबारी ।

३०९

दैनिक हजारौँ छन् मान्छेहरूको लर्को,
मौन छ विमानस्थल मान्दैन कुनै ऋर्को ।

३१०

शिरको टोपीझैँ सुहाएको राम्रो हिमाल,
सगरमाथा उच्च शिखर हाम्रो नेपाल ।

३११

गण्डकी, कोसी, कर्णालीमा डाँफे नुहाएको,
चाँदी जस्तो हिमाल हेर कति सुहाएको ।

३१२

आऊ हामी मिलेर ओढौँ पिरतीको छाता,
बनाउनु छ जिन्दगीको नच्यातिने गाता ।

३१३

पहुँच र पावरको दुरुपयोग भयो,
हत्याराले मुख लुकायो सोझो जेल गयो ।

३१४

प्यारो अनि सुन्दर छ नेपाली भाषा हाम्रो,
जोगाऔँ हामी संस्कृति र आफ्नै भेष राम्रो ।

३१५

पवित्र र शुद्धताको चाड रक्षा बन्धन,
चेली, माइती र आफन्तमा माया बढ्यो झन् ।

३१६

इच्छा अनि आकाङ्क्षाका भोक थरीथरीका,
अतृप्त मनभित्र पीडा जीवन भरिका ।

३१७

रूखो खाना, चर्को घाम, जीवन धान्ने बाटो
धेरै दु:ख परदेशमा सम्झेँ आफ्नो माटो ।

३१८

आफ्नै देश सिँगार्नु छु, परदेश नजाऊँ
आफ्नै बाँझो खेतीलाई पसिनाले सजाऊँ ।

३१९

भानुको प्रशंसक भई लेखेका हौ सार,
मोती हौ नेपालका प्रथम गजलकार ।

३२०

मनका व्यथाहरू सबैसँग नकहनु,
समयको चक्र हो पालो आउँछ सहनु ।

३२१

अरू केही चाहिँदैन निश्छल माया गर्नू,
मरी जाने जीवन हाम्रो सधैँ खुसी छर्नू ।

३२२

मन भरिन्न मान्छेको हरे कस्तो अघोरी,
कोही फसे विकृतिमा कोही त गर्छन् चोरी ।

३२३

जति पायो उति प्यासी भरिँदैन यो मन,
जताततै लोभ मोहमा फसेका छन् जन ।

३२४

सर्वश्रेष्ठ प्राणी हामी मानव हौँ उत्तम,
भुलेर कर्तव्य त्यसै बन्नु हुन्न खत्तम ।

३२५

पढी, लेखी हाँसखेल गरी ज्ञान भरेर
भोलि देश बनाउने यिनै ज्योति छरेर ।

३२६

लोभ, लालच अनि आशा सास रहेसम्म,
असन्तुष्ट मान्छेको मन भरिँदैन टम्म ।

३२७

सधैँ साथ, माया दिनु तिमी मेरी रानी
अझै ऊर्जा थप्दै जानु पिरतीको खानी ।

३२८

गोली, बारुद, आणविक हतियार छोडौँ
शान्तिको बिगुल फुकी दुनियाँलाई मोडौँ ।

३२९

घुम्दै आयो चाडपर्व खुसीयाली मनाऊँ,
संस्कृति संरक्षण र झनै भव्य बनाऊँ ।

३३०

नेपाल आमाको छातीमा टेकेको सहन्न,
कि सिध्याउँछु उसलाई या आफैँ रहन्न ।

**सोह्र अक्षरका टुक्काहरू**

३३१

राखेको छु तिम्रै तस्बिर लुकाएर मनमा,
केही दिन टाढा हुँदा हलचल भो तनमा ।

३३२

सधैँ दु:ख मजदुरलाई थाप्लोमाथि भारी,
गरी खान नदिने यो कस्तो आयो महामारी ।

३३३

काम हुँदा गरी खाने जीवन धान्न नै पऱ्यो,
मजदुरीले बाँच्न मुस्किल मन त्यसै मऱ्यो ।

३३४

चोखो माया लत्याएर गयौ बसाइँ सरेर,
दिएको चोट मेटिँदैन गए पनि मरेर ।

३३५

सङ्घर्षमा उत्रेको छु के हुँ भनी देखाउँछु,
परिश्रमले सफल भई नाम लेखाउँछु ।

३३६

तिम्रो मन्द मुस्कानले यो मनको पीडा भाग्यो,
लाडिएर अँगालोमा लुटपुटिऊँझैं लाग्यो ।

३३७

तिम्रो बाटो पछ्याउँदै मेरा पाइला सारौँला,
जिन्दगीको डुङ्गालाई दुवै मिलेर तारौँला ।

३३८

सुर ताल थाहा छैन विरहको गीत गाएँ,
तिम्रो साथ मिलोस् भनेर धेरै मन्दिर धाएँ ।

३३९

किन सोच्छौ मनुष्यहरूहो अरूभन्दा ठूलो,
एक दिन हुनु छ जलेर खरानीको धूलो ।

३४०

नबोलेर बस्नुपर्ने फेरि कस्तो व्रत आयो,
मुखलाई आराम तर हातले दु:ख पायो ।

३४१

देशभक्तिमा उम्लिँदै छ यो नेपाली रगत,
मातृभूमि नरहेमा के छ काम फोस्रो जगत् ।

३४२

विक्षिप्त भो हृदय यो रोकिएँ म शून्यतामा,
श्वास फेर्नै गाह्रो भयो आज तिम्रो मौनतामा ।

३४३

धूवाँ र धूलो हटाएर हरियाली बढाऊँ,
वातावरण सफा राख्ने पाठहरू पढाऊँ ।

३४४

भूकम्पले भत्काउँदा पनि अझै तला माथि
बाइस तलाको धरहरा हेर्न आऊ साथी ।

३४५

केही हुन्न व्यर्थै देशप्रेमका कुरा गरेर,
लागी परौँ आज नै मनमा जाँगर भरेर ।

३४६

मायाको तिर्खा थियो तिमी आयौ प्यास मेटियो,
सुखदु:ख साट्ने सधैँलाई सहारा भेटियो ।

३४७

खराब सङ्गत साथी परे उतै जाऊँ भन्छ,
चिप्लो बोल्दै फकाएर भित्र ठूलो खाल्डो खन्छ ।

३४८

छिनमै ध्वस्त हुन्छ जीवनभरको कमाइ,
ठूला गल्ती भई पछि बस्छौ टाउको समाई ।

३४९

त्यसै खेर जानुभन्दा कसैको हुन्छ उत्थान,
धर्म कमाउन सबैले गरौँ है रक्तदान ।

३५०

स्तनपान जरुरी छ कृत्रिम आहार हुन्न,
आँत बलियो भएपछि रोग व्याधिले छुन्न ।

३५१

परदेशी बनेथ्यो धन कमाउने आसले,
सबैलाई रुवाइदियो बाक्साको त्यो लासले ।

३५२

मारमा सधैँ जनता बसेका छन् चुपचाप
सबै मुहार भ्रष्ट देख्छु कहाँ गर्नु विलाप ।

३५३

तलब भत्ताले नपुगेर भ्रष्टाचार गर्छ,
जनताको रगत पसिनाले जो पेट भर्छ ।

३५४

गोर्खाली हामी मर्छौं बरु झुकाउँदैनौँ शिर,
भाषा, जाति अस्तित्वलाई बनाउनेछौँ चीर ।

३५५

शिव, शम्भो, महादेव तिमी हौ कैलाश पति,
रौद्र रूप नदेखाउनु संसार हुन्छ खति ।

३५६

नशाभित्र डुब्यौ तिमी मायाको के अर्थ भयो,
एकोहोरो पछि लागेँ जीवन यो त्यसै गयो ।

३५७

आफन्तैले ठग्ने यहाँ, सोझो भई बाँच्न गाह्रो,
इमान्दारी को छ यहाँ, चिन्नलाई भयो साह्रो ।

३५८

घर परिवार आफ्ना सबै सम्झनामा हुँदा,
कसले देख्छ परदेशमा एक्लै बसी रुँदा ।

३५९

जस्तै दु:ख आइलागोस् धन कमाएर फिर्छु,
खुन पसिना बगाएर साहूको ऋण तिर्छु ।

३६०

ऋतु जस्तै मान्छेको मन परिवर्तन किन ?
स्वार्थी बनेर धोका दिनेले मान्नुपर्ने घिन ।

३६१

पुराना ती कुसंस्कारलाई आजैदेखि त्यागौँ,
समयको माग बुझी प्रगतिपथमा लागौँ ।

३६२

स्वार्थी भयो दुनियाँ यो दुराचार मेटिएन,
बाँच्नै गाह्रो समाजमा सदाचारी भेटिएन ।

३६२

युवा सबै बिदेसिए अवसरको खोजीमा,
स्वदेशमा केही गरौँ त पैसा छैन गोजीमा ।

३६४

आशीर्वाद त्यो सदा शिरमा राखेको छु बाबा,
तिम्रै कारण खुसी छु आज गर्न सक्छु दाबा ।

३६५

कहाँ गल्ती भएछ खै, दैवी प्रकोप देखियो
अभागीको कर्म नै खोटो घरबार मेटियो ।

३६६

जनता देख्छ कुरूप तर नेता देख्छ हिसी,
लाभ हो कि हानि आखिर के हो यो एमसीसी ?

३६७

अनिश्चित छ भविष्य त्यो भोलि के कहाँ हुन्छ,
आकाश छेड्छु भन्ने बाँस नुहेर भुइँ छुन्छ ।

३६८

दु:खपछि सुख आउने जस्तो कर्म उस्तै,
रातपछि बिहान हुँदा कोल्टिन्छु दुरुस्तै ।

३६९

स्वदेशमै केही गर्ने वातावरण जुटाऊँ,
सबैतिर देश विकासको मुहान फुटाऊँ ।

३७०

लखरलखर गाउँ डुल्दै हिँड्ने बानी कस्तो,
पराईको माया मीठो आफन्तको कति सस्तो ?

३७१

चोट पर्दा बग्ने आँसु कसैलाई जल भयो,
सोझो बाटो हिडौँ भन्दा सबैबाट छल भयो ।

३७२

लाज त्यसै उदाङ्गो छ, खै के बेरौँ फरियाले,
मालिक ती टाट पल्टे मोज गऱ्यो भरियाले ।

३७३

घर भाँड्न सधैँ अनेकौँ बहानाले फसायौ,
आफ्नै आङको छारो उडाई दुनियाँ हसायौ ।

३७४

पंक्षीको हूल देख्दा पनि आङ जिरिङ्ग हुन्छ,
परिवारमै फाटो आउँदा त्यसै मन रुन्छ ।

३७५

लुकीछिपी गर्दै हिँड्छौ सबैले देख्नेछन् माथि,
कुभलो गर्दा एक दिन आफैँ परिन्छ साथी ।

३७६

आफ्नो जस्तै पीडा सबको नगर्नू जाल झेल,
स्वार्थ पूर्तिको क्षणिक मज्जा नखेल्नू है खेल ।

३७७

पौँठाजोरी लडेर हेरौँ यहाँ को छ तगडा,
पुच्छर लुकाई भुक्दै हिँड्दा जितिन्न झगडा ।

३७८

धनीलाई सधैँ चाड छ राम्रो खान लाउन,
गरिब मोरो दिन गन्छ चाडपर्व आउन ।

३७९

मनै हर्ने प्रकृतिको उपहार कति राम्रो,
पर्यटनले आर्थिक वृद्धि गराउँछ हाम्रो ।

३८०

मनमोजी मानिस हजुर छद्मवेशी चाला,
अरू रुँदा हाँस्न आउँछ यो मन मधुशाला ।

३८१

तिमीबाट टाढा हुँदा त झन् धेरै माया लाग्छ,
जताउँछौ माया तब त मनमा आशा जाग्छ ।

३८२

समाज सेवा गर्न जुटौँ बुझौँ सबको मर्म,
मन्दिर धाउनुभन्दा ठूलो सेवामा छ धर्म ।

३८३

जन्मियौ गर्भबाट आज तिमी संसार हेर्न,
टुक्का साहित्य बनी समाजको कुरीति फेर्न ।

**सत्र अक्षरका टुक्काहरू**

३८४

बिछोडले फाटेको मन माया खोज्दै सिउँदैछु,
पीडामा सधैँ बाँच्नु किन हाँसीखुसी जिउँदैछु ।

३८५

खुसी साट्न धेरै आउँछन्, दुःख पो बाँड्न आउनु,
हाँसो रोदन जिन्दगीको झेल्दै साथ बिताउनु ।

३८६

नतर्साउन प्रकृति गड्याङ गुडुङ्ङ गरेर,
भुइँचालो, बाढी पहिरो अनि चट्याङ झरेर ।

३८७

परदेशी हुँ तर सधैँ मुटुमा देशको माया,
परिश्रम बेची परिवार पाल्छु शीतल छाया ।

३८८

जलाई दिनु मेरो लास अन्त कोरोना नसरोस्,
छट्पटिँदै तड्पिएर मैले जस्तै मर्नु नपरोस् ।

३८९

नेपाली भाषाका प्रथम कवि भानुभक्त थिए,
रामायण र धेरै ग्रन्थ सरल बनाइदिए ।

३९०

गाँस, बास, कपासको अभाव भयो सरकार
जनतालाई बाँच्न देऊ, बुझिदेऊ दरकार ।

३९१

पत्थरको मुटु हुनेले माया गरेको देखियो,
खुसी हुनु कि हर्षित यहाँ इतिहास लेखियो ।

३९२

मदिरासरि छ आँसु यो पिउँछु बाँच्ने आधार,
पखाली पीडा नसक्ने रहेछ दुःखको संसार ।

३९३

एकल यात्री जिन्दगीको भएन कसैको भर
फकिर भई हिँडिरहेछु छैन कुनै रहर ।

३९४

जन्मेर आयौ टुक्का नेपाली साहित्यको जगत्मा,
बस्नु हरेक मनमा, बग्नु सबको रगतमा ।

३९५

धर्ती हौ सहन्छौ चोट सन्तानको रक्षा खातिर,
जननी माफी देऊ पाउ परे बालक आखिर ।

३९६

नबनाउनु साना नानी मजदुर अनि ज्यामी,
बालअधिकार सुरक्षामा जागरूक हौँ हामी ।

३९७

समयमै केही गरौँ परिवार सबै जुटेर,
पराईलाई मात्र फाइदा हुन्छ घर फुटेर ।

३९८

कपटी मान्छे घुसघुसे हुन्छ, कहिल्यै बोल्दैन
अरूको सबै मनपेट लिन्छ, आफ्नो चैँ खोल्दैन ।

३९९

रहर कस्तो नाम कमाउने अर्काको भरमा
आफू सक्षम नबन्नाले सधैँ जीवन डरमा ।

४००

घमन्डले ठूला काम क्षणभरमै ध्वस्त हुन्छ,
धैर्य भै सफलताले एक दिन शिखर छुन्छ ।

४०१

एक थोपा रगतले कसैको ज्यान बाँच्छ भने,
धर्म पाउन सेवा गरौँ किन भजन भजने ।

४०२

रङ्गमञ्च हो कि पागलखाना यो विमानस्थल,
कोही रुँदै छन्, कोही हाँस्दै छन्, कति अनौठो पल ।

४०३

जनता मरे रोग र भोकले भयो गाईजात्रा,
नेता सबै सुख सयलमा मोज मस्ती र यात्रा ।

४०४

अनेक रूप धारण गर्ने शिव, शङ्कर, भोला
तिम्रै ध्यानमा लागिरहोस् मेरो यो मानव चोला ।

४०५

युद्ध मैदानमा दिएका थिए उपदेश राम्रा,
संसारका मार्ग निर्देशक कृष्ण भगवान् हाम्रा ।

४०६

शिथिल शरीर बिरामी भै खाना पनि खाइनँ,
उपचार त पर छोडौँ आराम गर्न पाइनँ ।

४०७

पैसा कमाई सुखी बनी जीवन जिउने आस,
काम र पैसा भन्दाभन्दै परदेशमै भो लास ।

४०८

पाइलैपिच्छे भेटिन्छन् दुराचारी हजुर कति
हत्या, हिंसा, बलत्कार र अत्याचार भयो अति ।

४०९

निष्पट रातलाई चिर्दै नौलो बिहानी आउँछ,
नयाँ आशा र उमङ्गले यो मन मुस्कुराउँछ ।

४१०

होस गरी काम गरौँ राम्रो अवसर पाउँदा,
पछुताउनु पर्ने छ समय त्यसै गुमाउँदा ।

४११

ढाँटी, छली नखाऊँ त्यो मेहनतको फल मीठो
पाखुरीको कमाइले अमृतसरि हुन्छ पीठो ।

४१२

बगेको रगत तिम्रै हो बाबा, सपना गढेको
सुसंस्कार अनि जिउने कला तिमीमै पढेको ।

४१३

पीडा भुल्न माइत आऊ, मनमा माया भरेको
कति रुँदै बस्छ्यौ पराई घरमा दु:ख गरेको ।

४१४

परिश्रम नगरी हुन्न सपना मात्र देखेर,
भाग्यरेखा आफैं कोरौं कि ल्याउनुपर्छ लेखेर ।

४१५

पढ्ने, लेख्ने उमेरमा मजदुर बन्नु नपरोस्,
बालबालिकाको संरक्षण गर्न बाधा नछरोस् ।

४१६

कुरा मात्र ठूला गर्छौ सक्छौ भने भगाई लानू,
पूरा गर्न नसक्नेले झूटा कसम किन खानु ।

४१७

पर्दाफास गरी नौटङ्कीलाई पाठ सिकाउनू,
कि निकाल्नु घरभाँडालाई कि नाठो झिकाउनू ।

४१८

नबिर्सनु विगतलाई प्रीतिको फूल फुलेको,
न्यानो अँगालोमा बाँधिएर सारा दु:ख भुलेको ।

**अठार अक्षरका टुक्काहरू**

४१९

गर्नु धेरै छ साथी, हरेक कदममा जोस राख्नुस्
यो दुनियाँ स्वार्थी छ, सोच विचार अनि होस राख्नुस् ।

४२०

गणतान्त्रिक सरकार पनि खै कस्को लागि चल्यो,
उपचार अभावमा आज गरिब जनता ढल्यो ।

४२१

रङ्गियो श्रावण सङ्क्रान्तिमा मेहन्दी, हरियो चुरा
मेला र पर्वको चटारो सकियो भए काम पूरा ।

४२२

सहनै पऱ्यो हृदय फुटेर निस्कियो अश्रुधारा,
विश्वासमा परी लगाएँ माया, धोका रहेछ सारा ।

४२३

टुहुरो बनाई नजाऊ मर्छ तिम्रो सन्तान यहाँ,
आमाको ममता जस्तो प्यारो अरूबाट हुन्छ कहाँ ?

४२४

हामीहरूलाई हुर्काउन दुःख गरेका अपार
बुढेसकालमा ती बाबुआमा अलपत्र नपार ।

४२५

हुर्काई बढाई संस्कार सिकाई सक्षम बनाए
सारा जीवन सन्तानको पीर र चिन्तामा खनाए ।

४२६

गरौँ सबले महान् कार्य ठूलो पुण्य हो रक्तदान
सञ्चित गर्ने धनभन्दा सेवा गर्ने हात हो महान् ।

४२७

मरणासन्न भएकालाई सञ्जिवनी उपहार
रक्तदान जीवनदान सबैको सपना साकार ।

४२८

अगुवाइ गरी समाज सेवामा खुसी मनाउँछु,
जीवन सबै सुम्पिएर अब यो देश बनाउँछु ।

४२९

जन्मिएपछि केही गरौँ तब झल्कियोस् पहिचान,
फालेर खेर अमूल्य जीवन नबनाऔँ रछ्यान ।

४३०

देशभक्त, समाजसेवी बन्नेहरू बेपत्ता भए,
देशमा सङ्कट परेको नहेरी सबै कता गए ।

४३१

उकाली चढ्न खोज्दा टाकुरा नपुग्दै तल झरिन्छ,
खुट्टा तान्नेले तान्दै गर्छन् निरन्तर काम गरिन्छ ।

४३२

शुभकामना छ खुसी रहनु हर पलहरूमा,
नपरोस् चुक्न कहिल्यै कतै शत्रुका छलहरूमा ।

४३३

भदौरे भेल बाढी पैह्रो अस्तव्यस्त छ सबै ठाउँ,
ज्यान जोगाउनै गाह्रो भयो प्रभु, अब कहाँ जाऊँ ।

४३४

अपरिचित अनुहारले आफ्नोलाई नै भुलायो,
घरको काममा मन छैन सारा संसार डुलायो ।

४३५

सफलता छ हातमा होस गरेर कदम सार्नू,
सानोतिनो बाधा आउँदा हिम्मत कहिल्यै नहार्नू ।

४३६

पर्यटक ती पाहुना हाम्रा आदर सम्मान गरौँ,
बहादुर छौँ इमान्दारिताको अब सन्देश छरौँ ।

**उन्नाइस अक्षरका टुक्काहरू**

४३७

शुभकामना टुक्काबाटै सम्पूर्णलाई नयाँ वर्षको,
सफलताले चुमून् पाइलाहरू नहोस् कमी हर्षको ।

४३८

काठको त्यो लौरो भाँचिन सक्छ, म आफैं बन्छु फलाम
अग्रजहरूको ठूलो देन सम्झी सधैं गर्छु सलाम ।

४३९

व्यस्त अनि खुसी छु हिजोआज सधैं छ तिहार मेरो,
अक्षररूपी फूल उनेर बनाउँछु टुक्काको घेरो ।

४४०

कसले कसलाई केके गऱ्यो समयले देखाउँछ,
विश्वासघाती र धोकेबाजको सबै कथा लेखाउँछ ।

४४१

सधैं खटिन्छन् जनताकै लागि धूवाँ र धूलो नभनी,
कर्तव्य परायण ट्राफिक बस्छन् देशका खम्बा बनी ।

४४२

ट्राफिक नियम पालना गरे दुर्घटना धेरै टर्छन्,
सडकमा देखिने ती जनसेवक कत्ति दुःख गर्छन् ।

४४३

पैदल यात्रु, सवारी चालक, सवारी साधनहरू
सुरक्षित भई चलाउन सबैले साथ थपौं अरू ।

४४४

पौष्टिकता भरपूर छ, कुपोषण रोक्न वरदान,
शिशुका लागि अमृतसमान नछुटाऊँ स्तनपान ।

४४५

उठ जाग युवा ! बिहानी भयो, क्षितिजमा आयो घाम
देशको विकास गर्नका निम्ति निरन्तर गरौँ काम ।

४४६

कर्मठ पाखुरीहरूमा शुभकामना सफल हुनु,
हाँसीखुसी बितोस् जीवन तब नपरोस् कहिल्यै रुनु ।

**बीस अक्षरका टुक्काहरू**

४४७

रोक्नुपर्छ ती निर्दोष बालबालिकामाथिको अत्याचार,
कोपिला हुन सम्हालेर बनाउनु छ सपना साकार ।

४४८

बालमैत्री संरचना र समाज निर्माणमा लागी परौँ,
अत्याचारविरुद्ध लड्न भित्री मनैदेखि सङ्कल्प गरौँ ।

४४९

विष्णु भगवान्को आठौँ अवतार हुन् कन्हैया कृष्ण प्यारा,
जगत् भलाइको उपदेश दिई सचेत गरायौ सारा ।

४५०

जन्माएर हुर्काउने आफ्नै मातापिता पाल्न किन गाह्रो,
रुवायौ अहिले भने फर्किएर तिमीलाई पर्छ साह्रो ।

४५१

आणविक हतियार घातक हो बुझौँ हामी मानवले,
लडाइँ, झगडा अशान्ति मच्चाउने मात्र हो दानवले ।

**एक्काइस अक्षरका टुक्काहरू**

४५२

अन्याय अत्याचार गर्नेलाई गरौँ सामाजिक बहिस्कार,
बालबालिका हुन् है भविष्यका राष्ट्रनिर्माणको कर्णधार ।

४५३

आफूले शुद्ध लेख्न नजान्दा अरूले सिकाएको सिक्नुपर्छ,
उल्टै रिस पोख्न थालेपछि सिकाउनेहरूको मन मर्छ ।

४५४

कसले भन्न सक्छ भोलि समयले कसलाई कहाँ लान्छ,
सर्वश्रेष्ठ परमेश्वर हुन् मान्छेले आफैंलाई ठूलो ठान्छ ।

४५५

हाम्रो देशको राजनीति त झन् अस्तव्यस्ततातिर गएको,
भ्रष्टाचार र कुशासनले युग पछि धकेलिँदै गएको ।

**बाइस अक्षरका टुक्काहरू**

४५६

मानिसलाई सांसारिक मोह, तनावबाट पार लगाउने
बुद्ध हाम्रा हुन् दुनियाँमा अहिंसा र शान्तिको बीउ जगाउने ।

४५७

भोकै प्यासै भई बचाउँछिन् ती आमाले सन्तानको मायालाई,
ज्यानै जाओस् छेउ पर्न दिँदैनन् बुबाले अभावको छायालाई ।

४५८

बालअधिकारका कुराहरू भाषणमा मात्र सीमित भयो,
कानुन बने, कार्यक्रम भए, बजेटहरू त्यसै खेर गयो ।

४५९

प्राण सबको एउटै हो हतियार उठाई हिंसा गर्नु किन ?
मै हुँ भन्नेले पनि शून्यतामा विलीन हुनु नै छ एक दिन ।

**तेइस अक्षरका टुक्काहरू**

४६०

पहाडमा जन्मिएर हुर्किएको हुँ प्यारो उकालो आरालो बाटो,
सारा संसार डुली हेर्दा पनि सम्झन्छु आफ्नो मातृभूमिको माटो ।

४६१

सङ्घर्ष हो जीवन जिउनुपर्छ भन्थ्यौ किन गयौ माया मारेर,
पागलझैं एक्लै बर्बराएको देख्छु भाग्छौ जीवनदेखि हारेर ?

**चौबिस अक्षरका टुक्काहरू**

४६२

बालबालिकाको अधिकार र ममतालाई सबैले आत्मसात् गरौं,
समानताको हक प्रत्याभूत गरी समाजमा शान्तिको दीप छरौं ।

४६३

कति स्वार्थी छन् मानिस, माथि जान खोज्ने कोहीलाई देख्दा खुट्टा तान्छन्,
सबैलाई आफ्नो वशमा पार्न खोज्नेहरू नमान्नेलाई लात हान्छन् ।

४६४

जस्तै अवस्था आए तापनि कहिल्यै नहिँड्नु गलत बाटो समाई,
जीवन आँसुको पोखरीमा डुब्छ, चट्याङझैं हुन्छ क्षणिक रमाई ।

४६५

सुन्दर छ प्रकृति जनावरहरू खेल्दै छन्, चराहरूले गीत गाए,
सचेत प्राणी मानिसहरू माया, ममता र सेवामा जीवन बिताए ।

**पच्चिस अक्षरका टुक्काहरू**

४६६

ध्यानको कलम, प्रेमको मसी, स्वर्णिम शब्द लेख्ने कापी सिङ्गो आकाश
श्रुतिमधुर वाणी अर्थ्याउने सूर्य ईश्वरमा लीन भै बन्नेछु खास ।

४६७

स्वच्छ र शान्त समाजमा खलबल पार्ने खतरा हुन् ती धमिराहरू,
ठूलोबडो हामी नै हौं भन्दै मुट्ठीमा पार्न खोज्छन् ती नालीका कीराहरू ।

**छब्बिस अक्षरका टुक्काहरू**

४६८

कति चलाख त्यो वृद्ध बालक हेर्दा बन्ठे दिन खाएर जुँगा नआएको,
आफू मोरो सोझो चतुरेको जालमा फसिएछ सजिलै थाहै नपाएको ।

४६९

समाजका अग्रज हाम्रा मार्ग निर्देशक जेष्ठ नागरिक सम्मान गरौँ,
नैतिक शिक्षा ज्ञान पाई सबल भयौँ, यिनको जीवनमा उज्यालो छरौँ ।

४७०

सम्मान र सत्कार गरौँ बाबाआमा, बाजेबज्यै उनकै रगत हौँ हामी,
अनुभवले खारिएकाको महान् सल्लाह, सुझाव पाउँछौँ ती दूरगामी ।


**सत्ताइस अक्षरका टुक्काहरू**

४७१

स्वर्गजस्तै प्यारो सुन्दर शान्त विशाल, स्वर्गजस्तै जन्मभूमि नेपाल हाम्रो,
अनेक थरी जातजाति, धर्म, वर्ण मिली बस्ने मेला, जात्रा, भेषभूषा राम्रो ।

४७२

नौ महिना कोखमा बोक्दै कष्ट खेपेर संसार देखाउने जगत्की जननी,
हरपल हरक्षण पीर चिन्तामा डुब्दै हुर्काइन् केही पनि नहोस् है भनी ।



**ताराप्रसाद चापागाईं**

जन्म स्थान : धुनीबेसी नगरपालिका वडा नं.९, धादिङ

हाल : सीतापाइला काठमाडौं

पिता : स्वर्गीय हिमप्रसाद चापागाईं

माता : भगवती चापागाईं

टुक्का कविता अन्य साहित्यिक विधाहरूभन्दा फरक गहकिलो भाव बोकेको समयसापेक्ष थोरै समयमा लेख्न र पढ्न सकिने, छोटा दुई हरफका कविता हुन् । टुक्का कवितालाई तिहारमा माला उनेझैं, अक्षररूपी फूलहरूलाई छानेर, तौलेर, गनेर उन्नुपर्ने उत्कृष्ट शब्द संयोजनको सुन्दर माला हो ।

टुक्का साहित्य समाज
काठमाडौं, नेपाल

ISBN 978-9937-1-1248-2
9 789937 112482